पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : ३० | २०७२ फागुन २८ गते शुक्रबार (March 11 , 2016) | मूल्य रू. १०/-

## गाईको मासु मीठो कि गाईफार्मको खिर ?

काठमाडौं । यो प्रश्न चितवनका जनताले उठाएको प्रश्न हो । १० वर्ष अघि चितवनको बाँदरमुढेमा गुडिरहेको बसमा बम पड्काएर जनयुद्धलाई रक्तपातमय बनाउने प्रचण्ड जब फागुन २४ गते चितवन पुगे, छोराको गाई फार्म गएर मुसुक्क हाँसेनन् मात्र, गाईको दूधमा पकाएको खिर जिब्रो फड्कारी फड्कारी खाए, यो देखेका चितवनवासीले एकापसमा कुरा गरेको सुनियो- जनयुद्धकालमा जनताको रगत पिउन्, जनता मार्ने, गाईको मासु खानेले गाईको दूधको खिर कति मीठो मानेर खाएका ? यिनलाई गाईको मासु मिठो भयो होला कि खिर ?

हो, जनयुद्धकालमा मन्दिरमा छाडिएका बस्तु, बाँदर केही पनि बाँकी रहेनन् । जनयुद्धकालपछि त माओवादीसँग पैसै पैसा (**बाँकी अन्तिम पेजमा**)

# सरकार बनाउन कस्सिए देउवा

काठमाडौं । भारत भ्रमण सकेर चीन नजाँदै कांग्रेसको अधिवेशन सकियो, शेरबहादुर देउवा सभापतिमा चुनिए । पदाधिकारीको नतिजा नआउँदै सानेपाबाट शेर गर्जियो- संविधान जारी गर्ने कांग्रेसको नेतृत्वमा सरकार बन्छ, संविधानको कार्यान्वयन गर्ने जिम्मेवारी पनि कांग्रेसले नै पूरा गर्छ । शेरबहादुरका सहयोगीहरूले घोषणा गरे- यो अप्राकृतिक गठजोडको सरकार चल्दैन, यसलाई फेर्नुपर्छ ।

डडेलधुराको रूवाखोलाको पानी पिएर हुर्केका शेरबहादुर देउवा कांग्रेस



हाउस, सानेपाका शिखरमा पुगे । कांग्रेस सभापति शेरबहादुर देउवाले आफ्नै नेतृत्वमा नयाँ सरकार गठन गर्ने पहल सुरू गरिसकेका छन् ।

एमाओवादीका अध्यक्ष प्रचण्डले राष्ट्रिय सरकार चाहिन्छ भनिरहेका बेलामा एमालेभित्रैका झलनाथ खनाल र माधवकुमार नेपालले समेत राष्ट्रिय सरकार, राष्ट्रिय सरकार भनिरहेका छन् । यसैवीच फागुन २४ गते बसेको एमाले पोलिटव्यूरोले ओली सरकारले जनताको अपेक्षा पूरा गर्न नसकेको निष्कर्ष निकालेर ओली सरकारलाई निकम्मा भनिसकेको स्थिति पनि छ । सम्भवतः केपी ओलीको बोआओ समिटमा गर्ने संवोधन र चिनियाँ प्रधानमन्त्री तथा राष्ट्रपतिसँगको भेटवार्ता नै उनको प्रधानमन्त्रीकालको अन्तिम कूटनीतिक भेटघाट हुनसक्छ । यस्तै विश्लेषण हुन थालेको छ राजनीतिक र कूटनीतिक बृत्तमा ।

शेरबहादुर देउवाप्रति मधेसी मोर्चा र (**बाँकी अन्तिम पेजमा**)

## सतप्रशित भत्ता केका लागि ?

काठमाडौं । २०७२ साल वैशाख १२ र त्यसपछि आएको भूकम्पले गर्दा क्षति भएका घरहरूको पुनर्निर्माण गर्न ढिलाइ गरेको पुननिर्माण प्राधिकरणले आफ्ना कर्मचारीहरूलाई सतप्रतिशत भत्ता उपलब्ध गराउने निर्णय गरेको छ । प्राधिकरणले पटक-पटक अनुदान रकम वितरण गर्ने घोषणा गरेपनि कार्यान्वयन गर्न सकेको छैन ।

भूकम्प पीडित कहिले सहयोग पाइएला भनेर प्राधिकरणको मुख तकिरहेका बेला प्राधिकरणले भने प्राधिकरण गठन भएदेखि नै लागू हुने गरी भत्ता उपलब्ध गराउने निर्णण गत साता गरेको हो । प्राधिकरणका सिइओको अध्यक्षतामा गतसात बसेको निर्देशक समितिको बैठकले कर्मचारीको तलबका आधारमा शतप्रतिशत भत्ता उपलब्ध गराउने निर्णय गरेको हो । २०७३ असार मसान्तसम्म लागु हुनेगरी कर्मचारीले पाउँदै आएको तलब बराबरको प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरेको छ । प्राधिकरणमा कर्मचारी आउनै (**बाँकी अन्तिम पेजमा**)

## व्यवस्थापिका र न्यायपालिकाबीच टक्कर

**अभियान संवाददाता**

काठमाडौं । न्याय क्षेत्रमा राम्रो नाम कमाएका प्रधानन्यायाधीश कल्याण श्रेष्ठ अध्यक्ष रहेको न्यायपरिषद्ले सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस गरेका व्यक्तिहरू विधि र प्रक्रिया समेत नपुऱ्याई सिफारिस गरेको भन्दै सभामुख ओनसरी घर्तीमगरले सिफारिस न्यायपरिषद्मै फिर्ता पठाइदिएपछि संसद र न्यायपरिषद्बीच टकराव बढेको छ । न्यायपरिषदले सर्वोच्च अदालतका लागि ११ जनालाई न्यायाधीशमा नियुक्ती गर्ने निर्णय गर्दै संसदीय सुनुवाईका लागि संसद सचिवालयमा सिफारिस गरेको थियो ।

सभामुख घर्तीमगरले न्यायपरिषद् पूर्ण नभइ गरिएको सिफारिस विधि र प्रक्रिया अनुसार नभएको, संसदको नयाँ



नियमावली बन्न नसकेको, अन्तरिम कर्याविधिले सुनुवाई बारे प्रष्ठ व्यवस्था नगरेको तथा संसदीय सुनुवाई समिति



समेत गठन नभएको भन्दै सिफारिस न्यायपरिषदमै फिर्ता पठाएको सुत्रले (**बाँकी अन्तिम पेजमा**)

## सत्तामा बसेर कानुनको धज्जी उडाइयो

**अभियान संवाददाता**

काठमाडौं । निर्वाचन आयोगले पटक-पटक तागेता गर्दा पनि लगातार तीन आर्थिक वर्षको आयव्यव विवरण नबुझाएका र त्यससम्बन्धी निर्धारित समयमा स्पष्टीकरण समेत नबुझाएका १५ राजनीतिक दलको दर्ता खारेज गरेको छ । आयोगको शुक्रबार बसेको बैठकले निर्वाचन आयोग ऐन २०६३ को उपदफा (१) को खण्ड (ख) बमोजिम १५ दलको दर्ता खारेज गर्ने निर्णय गरेको हो ।

दर्ता खारे भएका दलहरू मध्येका केपी ओली नेतृत्वको सरकारमा रहेका खानेपानी तथा सरसफाई मन्त्री प्रेमबहादुर सिंहको समाजवादी जनता पार्टी समेत रहेको छ । दल खारेज भएपछि सिंहको हैसियत के हुने अहिले अन्योल रहेको छ । उलने नेतृत्व



गरेको दल नै खारेज भएपछि उनी स्वतः (**बाँकी अन्तिम पेजमा**)

## ११ जिल्लाका प्रहरी प्रमुख फेरिए

काठमाडौं । नेपाल प्रहरीले थप १० पहाडी जिल्लाको प्रहरी प्रमुखमा प्रहरी उपरीक्षक (एसपी) खटाएको छ । प्रहरी मुख्यालयले सोमबार दश प्रहरी उपरीक्षक (एसपी)को सरूवा गरेको छ भने १७ जनाको पदस्थापन गरेको छ ।

तीन निर्वाचन क्षेत्र भएका दश पहाडी जिल्लामा गृह मन्त्रालयले सिडिओमा सहसचिव र प्रहरी प्रमुखमा एसपीलाई खटाउने निर्णय गरेअनुसार एसपी खटाइएको हो ।

डिएसपी प्रमुख रहँदै आएका इलाम, स्याङ्जा, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, सिन्धुली, गोरखा, बाग्लुङ र गुल्मीमा एसपी खटाइएको छ । सरूवा सूचीअनुसार इलाममा एसपी सुशील यादव, स्याङ्जामा

(**बाँकी अन्तिम पेजमा**)

## खुमबहादुर के भन्छन् : शेरेलाई ले भन्छन्

काठमाडौं । अन्तिममा खुमबहादुर खड्काले दिल खोलेर शेरबहादुर देउवाको समर्थन गरिदिदा शेरे डडेलधुरा शेरे कांग्रेस बन्न सफल भए । खुमबहादुरको समूहले चुनावी मैदानमा हात जोडेर भोट मागिरहेका देउवाको समर्थनमा खुमबहादुर दाई के भन्छ, शेरबहादुरलाई ले भन्छ भनेर नारा लगाएर माहोल नै देउवामय बनाइदिएका थिए । फागुन २३ गतेको निर्वाचनमा ११ मतले बहुमत पाउन नसकेका देउवा सोमवार हार्ने हार्ने मोडमा पुगिसकेका थिए । जब खुमबहादुर खड्काले मौनता तोडे, जब



खुमबहादुर खड्काले देउवालाई जिताउन लविङ गरे, मतदान हुँदा नै सबैले भनेका थिए- अव रामचन्द्र बनवास जान्छन् । उनले संसदीय दलको नेता र पार्टी सभापति दुबै गुमाए ।

नभन्दै सोमवार आधारात नहुँदै मतगणना सकियो । देउवाले रामचन्द्रलाई नराम्रोसँग हराइदिए । शेरबहादुर देउवाले इतिहासमात्र रचना गरेनन्, नेपाली कांग्रेसको इतिहासमा शेरबहादुर देउवा कोइराला परिवारवादको अन्त्य गर्दै तेस्रो इतर सभापति बन्न सफल भए । जितपछि देउवाले अव ६०, ४० को बिबाद समाप्त (**बाँकी अन्तिम पेजमा**)

पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# संघीयता विरोधी अभिव्यक्ति बन्द गरौं

*संविधानसभाले संविधान निर्माण गऱ्यो । २०७२ असोज ३ गते संविधान जारी समेत भयो । तर केही मधेसवादी दलहरुले संविधानमा रहेका केही प्रावधानहरु स्वीकार गरेनन् र उनीहरु मधेस आन्दोलनमा गए । त्यही मधेस आन्दोलनलाई देखाएर छिमेकी मुलुक भारतले अघोषित नाकाबन्दी लगायो । नाकाबन्दीले गर्दा नेपालको अर्थतन्त्र डामाडोल भएको छ । विकास निर्माणका कार्यहरु ठप्प भएका छन् । भारतले लगाएको अघोषित नाकाबन्दी संविधानको पहिलो संशोधनपछि हटेपनि अहिलेसम्म मुलुक नाकाबन्दीभन्दा अगाडिको अवस्थामा आउन सकेको छैन । मधेसवादी दलहरुले उठाएका मुद्दाहरु मध्येका जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण हुने र राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गराइने संवैधानिक ब्यवस्था गरिएपनि मधेसवादी दलहरुले आफ्ना सबै माग संवोधन नभएको भन्दै फेरि आन्दोलन गर्ने धम्की दिइरहेका बेला प्रधानमन्त्री केपी ओली भने आफ्नै प्रतिबद्धता विरुद्ध अभिब्यक्ति दिन थालेका हुनाले अनेक प्रकारका आशंकाहरु उत्पन्न भएका छन् ।*

*मधेसवादी दलहरुको माग अनुसार सीमाकंनको विवाद मिलाउन परराष्ट्रमन्त्री कमल थापाको संयोजकत्वमा उच्चस्तरीय समिति गठन भएको छ । तर उक्त समितिले पूर्णतासमेत पाइनसकेको अवस्थामा प्रधानमन्त्री ओलीले प्रदेश नम्बर एक कुनै हालतमा पनि नटुक्रिने बरु उक्त प्रदेशमा अन्य क्षेत्र थपिने भन्दै विवादास्पद अभिब्यक्ति दिन थालेका छन् । निर्णय गर्ने ठाउँमा बसेका निर्णायक ब्यक्तिले त्यस्तो अभिब्यक्ति दिनु किमार्थ उचित हुँदैन । भोली उच्चस्तरीय समितिले सीमांकन विवाद टुंग्याउन जिल्लाहरु टुक्राउनु पर्ने निर्णय सरकारलाई बुझाएको खण्डमा प्रधानमन्त्री ओलीले त्यसलाई नकार्न सक्ने सम्भावना कति हुन्छ । अहिलेसम्म समितिले पूर्णता समेत पाएको छैन । समितिमा को को बस्ने, कस्ता खालका विज्ञहरुलाई राख्ने भन्ने समेत टुंगो नलागिसकेको अवस्थामा सरकार प्रमुखले नै विवादास्पद अभिब्यक्ति दिनुले समितिलाई प्रभाव पार्न खोजेको अभास पाउन सकिन्छ । ११ सदस्यीय समितिमा कुन कुन दलका प्रतिनिधि सामेल हुने, आन्दोलनरत मधेसवादी दलका कति सदस्य रहने र विज्ञहरु कति र को हुने भन्ने समेत टुंगो लगाउन नसकेका ओली नेतृत्वको सरकारले अहिले नै विवादास्पद अभिब्यक्ति दिनुले समस्याको समाधान हुन सक्दैन ।*

*निर्णण गर्ने ब्यक्ति नै एक पक्षीय भएको खण्डमा त्यसले समस्याको सामाधान गर्नुको सट्टा समस्या बल्झाउने कार्य गर्ने भएको हुनाले प्रधानमन्त्रीसहित मन्त्रिपरिषदमा रहेका ब्यक्तिहरुले अविलम्ब विवादास्पद अभिब्यक्ति दिन बन्द गर्नुपर्छ । सीमाकंनको विवाद केही मधेसवादी दलहरुले उठाएका हुनाले सबैलाई मान्य हुने खालको निर्णय गरिनु पर्छ । यदि कुनै दललाई समितिले दिएको निर्णय अस्वीकार्य भए त्यसको छिनोफानो सम्बन्धित क्षेत्रका जनताको मतबाटै गरिए त्यो सबैभन्दा राम्रो र उचित विकल्प समेत हुनसक्छ । अहिले प्रस्ताव गरिएका प्रदेशहरुको सीमाकंन मधेसवादी दलहरुलाई चित्त नबुझेको र मधेस तराईमा दुई प्रदेश हुनुपर्ने मधेसवादी दलहरुको अडान कायम भए त्यसले सिंगो मुलुकलाई प्रभावित पार्न सक्ने भएको हुनाले अहिले प्रस्ताव गरिएका प्रदेशहरुमा बसोबास गर्ने जनतालाई नै त्यसको निर्णय गर्ने अधिकार दिएमा त्यो सबैभन्दा प्रजातान्त्रिक अभ्यास समेत हुने र प्रदेशमा बस्ने जनताले आफैं निर्णय गरेका हुनाले लामो समयसम्म त्यस्ता प्रदेशबीच झैंझगडा समेत नहुने पक्कापक्की रहेको छ ।*

*मुलुक संघीयतामा गएपछि कुनै अञ्चल वा जिल्ला अक्षुण रहनुपर्छ भनु संघीयताको खिलाप हो । आजसम्म पनि कुनै राजनीतिक दलहरुले जनतालाई संघीयताका बारेमा सामान्य जानकारी समेत दिएका छैनन्, बरु उनीहरु आ-आफ्नो क्षेत्रलाई अखण्ड राखिनु पर्छ, अञ्चल, जिल्ला विभाजन गर्न पाइँदैन भनेर जनतालाई आन्दोलनमा सरिक गराइरहेका छन् । राजनीतिक स्वार्थका लागि अञ्चल र जिल्ला विभाजन गर्न नपाइने भन्दै जनतालाई उक्साएर आन्दोलन गर्ने प्रवृत्ति संघीयता विरोधी हो । मुलुक संघीयतामा जाने भएपछि कुनै अञ्चल, जिल्ला अखण्ड हुनुपर्छ भन्ने संघीयताको भावना विपरितको कार्य भएको हुनाले त्यस्तो कार्य अविलम्ब बन्द गरी संघीयताको भावना अनुसार आवश्यक परेको खण्डमा अञ्चल, जिल्ला विभाजन गर्न उच्चस्तरीय राजनीतिक समिति, सरकार अनि राजनीतिक दल तयार हुनुपर्छ । प्रम ओलीले त उच्चस्तरीय राजनीतिक समितिले सीमाकंनको प्रतिवेदन नबुझाएसम्म सीमाकंनका विषयमा सार्वजनिक अभिब्यक्ति नदिनु नै उचित हुनेछ भन्ने हामीले ठानेका छौं ।*

# देउवाका अगाडि चुनौती र अवसर दुवै

*देवेन्द्र चुडाल*

देउवाका अगाडि चुनौती र अवसर दुवैसंसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको १३ औं महाधिवेशन सफलतापूर्वक सम्पन्न मात्र भएको छैन, कांग्रेसले नयाँ नेतृत्व पनि पाएको छ । बिपी कोइरालाले गठन गरेको नेपाली कांग्रेसको नेतृत्व १३ औं महाधिवेशनबाट कोइराला परिवार भन्दा बाहिर गएको छ । मुलुकको तीन तीन पटक प्रधानमन्त्री भइसकेका व्यक्ति शेरबहादुर देउवा नयाँ सभापतिमा चुनिएका छन् । सभापतिमा चुनिएपछि पहिलो प्रतिक्रिया दिँदै सपभाति देउवाले चुनावमा कसैको हार र कसैको जित नहुने भन्दै आफूलाई कांग्रेसका कार्यकर्ताहरूले जिम्मेवारी थपिएको प्रतिक्रिया दिएपनि उनका अगाडि थुप्रै अवसर र चुनौती समेत रहेका रहेका छन् । कांग्रेसभित्र रहेको ६०/४० को भागवण्डालाई सभापति देउवाले कसरी तोड्छन् त्यो प्रतिक्षाको विषय बनेको छ । कांग्रेसभित्र गुट, उपगुटहरू रहेका छन् । ती सबै गुट उपगुटलाई मिलाएर अघि बढ्नु देउवाका लागि फलाम च्यूरा चपाउनु सरह हुनसक्छ । संसदमा सबैभन्दा ठूलो दल भएको नाताले उसले सरकारको नेतृत्व लिन खोज्नु स्वाभावि भएपनि उसँग आवश्यक संख्या नभएको र हाल १७ वटा पार्टीको नेतृत्व गर्दै नेकपा एमालेका अध्यक्ष केपी ओली सरकारको नेतृत्व गरिरहेको अवस्थामा ओली नेतृत्वको सरकारको हैसियत के हुने भन्ने प्रश्न समेत उब्जिएको छ ।

संविधानसभाले संविधान निर्माण गरी जारी गरिसकेको अवस्थामा कांग्रेसको महाधिवेशन सम्पन्न भएकाले महाधिवेशनले नयाँ संविधानलाई संस्थागत गर्न बल पुऱ्याएको भएपनि संविधानमा रहेका कयैन प्रावधानहरू सहजरूपमा कार्यान्वयन हुनसक्न अवस्था देखिएको छैन । संविधान निर्माणको क्रमदेखि नै केही मधेसवादी दलहरू मधेस आन्दोलनमा गएका र त्यही आन्दोलनलाई देखाएर दक्षिणी छिमेकी मुलुक भारतले नेपालमाथि अघोषित नाकाबन्दी गरेर नेपालको अर्थतन्त्र नै डामाडोल भएको र विकास निर्माणले गति लिन नसकिरहेको बेला भएको कांग्रेसको १३ औं महाधिवेशनले पारित गरेका प्रस्ताव हरू लागु गर्नु सभापति देउवाका लागि चुनौती देखिएको छ । पार्टीभित्रको गुट उपगुटको सही रूपमा व्यवस्थापन गर्न सकेमात्र महाधिवेशनले पारित गरेका निर्णयहरू कार्यान्वयन हुन सक्छन् । आफ्नो पार्टीले पारित गरेका निर्णयहरू लागु गर्न कांग्रेसको नेतृत्वमा सरकार गठन हुनु अनिवार्य सर्त हो । तर अहिलेकै अवस्थामा सहजरूपमा कांग्रेसको नेतृत्वमा सरकार बन्न सक्ने सम्भावना ज्यादै न्यून रहेपनि सरकार बन्न सक्दैन भन्ने चाहिँ होइन ।

संसदमा सबैभन्दा ठूलो पार्टी भएको नाताले उसले सरकारको नृतत्व लिन पाउनुपर्ने उसको नैसर्गिक अधिकार हो । तर उसँग आवश्यक बहुमत नभएकाले उसले अन्य पार्टीहरूको सहयोग र समर्थन लिनु अवश्यक छ । अहिले संसदमा दोस्रो ठूलो पार्टी भएको नेकपा एमालेको नेतृत्वमा सरकार गठन भएर सञ्चालन भइरहेको छ । संसदमा पहिलो र दोस्रो ठूलो पार्टी मिलेर सरकार निर्माण भएको कमैमात्र इतिहास छ । कांग्रेसले सरकारले नेतृत्व लिने हो भने तेस्रो, चौथो र अन्य दलहरूको सहयोग लिनुपर्छ । केही सयमपहिलादेखि एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले कांग्रेसको महाधिवेशनपछि सरकार परिवर्तन हुने उद्घोष गर्दै आएका हुनाले पनि कांग्रेसले नेतृत्व लिने हो भन्ने प्रश्न समेत उब्जिएको छ । कांग्रेसका अगाडि केही विकल्प बाँकी रहेका छन् । ति हुन्, आफ्नो पार्टीको सही रूपमा व्यवस्थापन नभएसम्म प्रमुखप्रतिपक्षीमै बसिरहने, नेकपा एमालेलाई छोडेर एमाओवादी, राप्रपा नेपाल र केही मधेसवादी दहलरूको सहयोग र समर्थनमा सरकारको नेतृत्व लिने, यदि नेकपा एमाले, एमाओवादीसहित कंग्रेसको नेतृत्वमा सरकार गठन हुने हो भने प्रमुख प्रतिपक्षीमा राप्रपा नेपाललाई राख्ने । बहुदलीय व्यवस्थामा दह्रो प्रतिपक्षीको महत्वपूर्ण भूमिका रहने भएकाले प्रतिपक्षी बिहीन सरकार निर्माण गरिनु किमार्थ उचित हुँदैन । प्रतिपक्षीबिहीन सरकार निर्माण गरिए त्यसले बहुदलीय व्यवस्थालाई नै कमजोर बनाउने र सरकारले गलत निर्णय गरेपनि त्यसको सशक्त विरोध हुन नसक्ने भएकाले सरकार तानाशाही बाटो तर्फ उन्मूख हुने भएकाले यदि कांग्रेसले सरकारको नेतृत्व लिने भए बहुदलीय व्यवस्थालाई कमजोर पार्ने नगरी सही निर्णय लिन सकेको खण्डमा मात्र देउवाको क्षमता देख्न सकिन्छ ।

सरकार निर्माणभन्दा संविधानको कार्यान्वयन पहिलो आवश्यकता हो । एकातिर केही मधेसवादी दलहरूले संविधानप्रति नै विरोध जनाइरहेका छन् । त्यसैकारण उनीहरूले संविधान निर्माणको अन्तिम चरणमा तत्कालिन संविधानसभा नै बहिष्कार गरे । सविधान जारी गर्दा समेत उनीहरू संविधानसभामा उपस्थिति भएनन् । कांग्रेस, एमाले र एमाओवादीका नेताहरूले विश्वकै उत्कष्ट संविधान निर्माण गऱ्यौं भनेर जतिसुकै ठूलाठूला डम्फु फुकेपनि संविधान जारी भएकै भोलीपल्ट संविधानको पहिलो संशोधन प्रस्ताव संसदमा पेश गरिनुले सविधान निर्माण गर्दा त्रुटी भएको सहजै अनुमान गर्न सकिन्छ । विश्वकै उत्कृष्ट संविधान निर्माण गरिएको भए किन जारी भएको भोलीपल्टै संशोधनको प्रस्ताव गरियो त ? त्यसको जवाफ तत्कालिन संविधानसभाका अध्यक्ष सुवास नेम्वाङ, कांग्रेस, एमाले र एमाओवादीका नेताहरूले दिनै पर्छ । संविधान पहिलो पकट संशोधन गरिएपनि संशोधनप्रति आन्दोलनरत मधेसी दलहरूले चित्त बुझाउन नसकेका हुनाले मधेसवादी दलहरूले फेरि आन्दोलनको धम्की दिइरहेका छन् । मधेसवादी दलरूले उठएका केही मुद्दाहरूलाई संविधान संशोधन गरेर सम्बोधन गरिए पनि सीमाकंनको विषयमा अहिले पनि सत्ताभित्र र बाहिर रहेका अनि सत्ता समर्थक दलहरूबीच नै एकमत हुन सकेको छैन । मधेसवादी दलहरूले जनसख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण हुनुपर्ने र राज्यका प्रत्येक नियकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व हुनुपर्ने मागलाई सरकारले केही हदसम्म सम्बोधन गरेको छ । तर हालै सर्वोच्च अदालतमा नियुक्तिका लागि सिफारिस गरिएका न्यायाधीशहरूको सूची हेर्दा त्यहाँ समावेशी सिद्धान्त स्वीकार गरेको देखिँदैन । सरकारले संविधान नै संशोधन गरेर समानुपातिक समावेशी सिद्धान्त स्वीकार गर्नु सरकारको दायितव र कर्तव्य भएपनि आफैंमा अपूर्ण रहेको न्यायपरिषद्ले बहुमतको आधारमा सर्वोच्च अदालतका लागि न्यायाधीश पदमा गरेको सिफारिसलाई मधेसवादी दलहरूले सहजै स्वीकार गर्न सक्ने अवस्था नदेखिएको हुनाले अब त्यो विषयका बारेमा समेत नेपाली कांग्रेसभित्र छलफल र बहस गरी उचित निर्णय लिनु आवशयक छ । सरकारले सीमाकंनका बारेमा निर्णय गर्न उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापाको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरेको झण्डै एक महिना पुग्न लाग्दा समेत समितिलाई पूर्णता दिन सकेको छैन । समितिमा को–को रहने, समितिमा दलहरूका प्रतिनिधि हुने कि नहुने, विज्ञहरू छान्दा कस्तो मापदण्ड तयार गर्ने र कुनकुन क्षेत्रको विज्ञहरूलाई समितिमा राख्ने भन्ने निर्णय नै नगरी संयोजक मात्र तोकेर सीमाकंन समिति गठन गरिनु किमार्थ उचित थिएन् । केपी ओली नेतृत्वको सरकारले साच्चिकै सीमाकंनको विवाद मिलाउन चाहेको हो भने समिति गठन गर्नु पूर्व नै बहस चलाउनु पर्ने थियो । त्यसैले अहिलेकै अवस्थामा सीमाकंनको विषय समाधान हुन्छ भनेर विश्वास गरिहाल्ने अवस्था देखिएका छैन । अब त्यस विषयामा कांग्रेसले समेत आफ्नो धारणा अघि सार्नुपर्ने टड्कारो अवश्यकता देखिएको छ ।

एकातिर सीमाकंनको विषय मिलाउन समिति गठन गरिएको छ भने अर्कोतिर नेकपा एमालेका नेताहरू नै आ–आफ्नो चुनावी क्षेत्रहरूलाई कुनै हालतमा पनि हेरफेर हुन नदिने अभिव्यक्ति दिइरहेका छन् । त्यसैक्रममा केही दिन पहिला नेकपा एमालेले इटहरीमा आयोजना गरेको संविधान कार्यान्वयन सभामा प्रधानमत्री एवं पार्टी अध्यक्ष ओलीले नै उद्घोष गरेर झापा, मोरङ र सुनसरी जिल्लालाई कुनै हालतमा पनि विभाजिन नगरिने र ति जिल्लालाई प्रस्तावित १ प्रदेशमै राखिने वरू उक्त क्षेत्रमा अरू जिल्लालाई समेत समावेश गराउन सकिने अभिव्यक्ति दिएपछि उहाँहरूले खोजेको सीमाकंन कस्तो हो भन्ने प्रश्न समेत उठेको छ । भोली सीमाकंन समितिले जिल्लाहरू विभाजन गर्नुपर्ने सुझाव सरकारलाई दियो भने के प्रधानमन्त्री ओलीले त्यसलाई स्वीकार गर्लान् ? एकातिर मुलुकलाई संघीयतामा लैजाने उद्घोष गरी त्यसै अनुरूप संविधान निर्माण गर्ने अनि राजनीतिक दलका प्रभावशाली नेताहरूले आ–आफ्नो निर्वाचन क्षेत्रलाई हेरे व्यक्तिगत स्वार्थका लागि आ–आफ्नो क्षेत्र र जिल्लालाई अखण्ड राख्ने उद्घोष गर्नुले राजनीतिक दलहरूले खोजेका कस्तो संघीयता हो ? त्यो जनताले बुझ्न सकेका छैनन् । कंग्रेस सभापति शेरबहादुर देउवाले सुदुरपश्चिमलाई विभाजिन गर्न नपाइने भन्दै त्यहाँ आन्दोलन नै गर्न लगाए, त्यसैगरी कांग्रेस, एमाले र एमाओवादीका स्थायनी नेताहरूले झापा, मोरङ र सुनसरीलाई विभाजन गर्न नपाइने भन्दै आन्दोलन गरेपछि प्रधानमन्त्री ओलीले त्याहाँ पुगेर ती जिल्ला विभाजन नहुने प्रतिवद्धता जनाएका हुनाले राजनीतिक दलहरू नै संघीयता विरेधी रहेको र उनीहरूले बाहिरी दबाबमा मात्र संघीयता स्वीकार गरेको सहजरूपमा बुझ्न सकिन्छ ।

कांग्रेसका नवनिर्वाचित महामन्त्री शशांक कोइरालाले केही दिन पहिला गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताका बारेमा पुनर्विचार गर्नुपर्ने अभिव्यक्ति दिएका थिए । कांग्रेसभित्र अहिले पनि धर्मनिरपेक्षताका बारेमा पार्टीले पुनर्विचार गर्नुपर्ने ठूलो आवाज उठ्ने गरेको र कोइरालाले महाधिवेशनको मुखमा आएर त्यस्तो अभिव्यक्ति दिएपछि धर्मनिरपेक्षता विरोधीहरूको मत कोइराललाई परेको हुनाले उनले सहजरूपमा महामन्त्री पदामा चुनाव जितेका छन् । अब उनी निर्णय गर्ने ठाउँमा पुगेका हुनलो उनले कांग्रैसलाई धर्मनिरपेक्षताको बाटोबाट हटाउने प्रयासमा लाग्ने विश्वास कांग्रेसीजनहरूले नै गरेका छन् । खुमबहादुर खड्कासहितले सभापतिमा शेरबहादुर देउवालाई सहयोग गरेका हुनाले देउवाले समेत अब नेपाललाई हिन्दूराष्ट्र कायम गराउन पहल गर्ने विश्वास गर्न सकिन्छ ।

*devendrachudal@gmail.com*

# घाटाको बिजनेश गर्दैनन् नेताहरू



राजन कार्की

जसरी मारवाडी 'घाटा को बिजनेश' गर्दैनन्, हाम्रा नेताहरूको राष्ट्रवाद पनि त्यस्तै हो । राष्ट्र जतासुकै पुगोस्, नाफो हुनैपर्छ नेताहरूलाई । राष्ट्रवाद उनीहरूको देखाउने दाँतमात्र हो । यसैले यक्ष प्रश्न उठेको छ–

देशभक्ति मुखमा हुन्छ कि मनमा ?
देशभक्ति भाषणमा हुन्छ कि चरित्रमा ?
देशभक्ति बिधिमा हुन्छ कि व्यवहारमा ?
देशभक्ति रागमा हुन्छ कि रगतमा ?

नेताहरूको देशभक्ति देशभक्ति, अरूको देशभक्ति अन्धो राष्ट्रवाद । ओलीको राष्ट्रवाद ओठे राष्ट्रवाद हो । उनको मनमा सत्ताको चुरीफुरीबाहेक केही छैन ।

यसकारण लथालिङ्ग छ कानुनव्यवस्था, सामाजिक र आर्थिक गतिविधि । मधेस आन्दोलन र भारतीय नाकावन्दीले राष्ट्रवादको लहर नै चल्यो । तर, जनता सधैं देशभक्त थिए, नेताहरूको देशभक्ति भने मौसमअनुसारको ट्यूनिक बन्यो । स्वार्थअनुकूलको नारामा तिनको देशभक्ति सिमित हुनपुग्यो । देश बर्बादीको कृष्णभीरमा पुगिसक्यो, नेताहरू चिल्ला अनुहार देखाएर फोस्रा भाषण गरिरहेका छन् ।

सुरक्षा प्रमुखहरू भ्रष्टाचारी भनेर डामेको अवस्था छ । जुनदेशका सुरक्षा निकाय भ्रष्टाचारको पोखरीमा चुर्लुम्मै डुबेका छन्, त्यो देशको कानुनव्यवस्था बिग्रनु स्वभाविक हो । मूल फोहर भएपछि बहाव पवित्र हुनैसक्दैन । सुरक्षाको त्यो कन्तविजोग भइरहेको छ भने राजनीतिक र प्रशासनिक व्यक्तित्वहरू इतिहासमै सबैभन्दा अनैतिक त्रि्रयाकलाप, कालोबजारी, कमिशन र माफियाको मिलोमतोमा फसेका समाचारहरू आइरहेका छन् । अव त इन्धन, वन्यजन्तु, वनौषधि, दुर्लभ र पुरातात्विक वस्तुको मात्र होइन, चेलीबेटीको बेचबिखनमा समेत राज्यसंयन्त्र संलग्न हुनथालेको छ । ट्रान्सपरेन्सी इन्टरनेशनलले भन्यो– नेपालमा भ्रष्टाचार व्यापक भयो । दाताराष्ट्रहरू आफूखुशी पुननिर्माणमा सक्रिय हुनथाले । कूटनीतिक स्वार्थ पूरा गर्न थालेको यही समयमा चीनका राजदूत ऊचुन्ताई र चीनका सुरक्षा महानिर्देशक ल्यू गोआङ्यानले परराष्ट्र मन्त्रालयलाई साक्षी राखेर सबै सुरक्षा निकायका सामु पुननिर्माणका नाममा चीनलाई टुक्र्याउने, फ्रितिब्बतको बिद्रोह चर्काउने र चीनविरूद्ध लक्षित पश्चिमा साजिसहरू नेपाली भूमिमा भइरहेकोमा गम्भीर आपत्ति जनाएको छ । चीनले मुस्ताङलगायतका कतिपय हिमाली भेगका गुम्बाहरूमा हतियार लुकाएको र विद्रोहीहरूलाई सशस्त्र तालिम दिएकोसम्मको उजूरी गरेको छ । प्रधानमन्त्री केपी ओलीको चैत ७ को चीन भ्रमणपूर्व चीनले नेपाललाई खबरदारी गरेको छ । बोआओ सम्मेलनमा सहभागी हुन जानुअघि नै प्रम ओलीले चीनलाई आश्वस्त पार्ने खबर तैयार गर्नुछ । चीनले भोटेकोशी, पोखरा एयरपोर्ट र सुपुर्दगी सन्धि गर्न खोजेको छ । नेपाल अहिलेसम्म राजनीतिक एकतासहितको एजेन्डा तैयार गर्न अग्रसरसमेत भएको छैन ।

ओलीको चीन भ्रमणबारे भारत सचेत छ । भारतले चैत ४ गते भारतका विदेशमन्त्री सुषमा स्वराज र विदेश सचिव जयशंकर नेपालमा पठाइरहेको छ । उनीहरू सार्क मन्त्रिस्तरको वैठकमा भाग लिन आउने भए पनि नेपालका प्रधानमन्त्रीको चीन भ्रमणमा भारतीय स्वार्थ प्रतिकूल हुनेगरी कुनै सन्धि नगर्नु भनेर कूटनीतिक बार हाल्न आउन लागेको अनुभूति कूटनीतिक बेत्ताहरूले गरेका छन् । ओलीलाई यही कारण चीन भ्रमण सकसपूर्ण हुनलागेको छ ।

नेपाल एक चीननीतिमा अडिग छ भनेरमात्र चीन आश्वस्त हुने अवस्था छैन । यता भारतलाई चीनको प्रभाव आवश्यकताभन्दा बढ्दैन भनेर आश्वस्त पनि पार्नु परेको छ । ओलीको भारत भ्रमणबाट चीन त्यति आत्तिएको थिएन, जति अहिले ओलीको चीन भ्रमणबाट भारत भ्रसिकन पुगेको देखिन्छ । स्मरणीय के पनि छ भने चीनको दक्षिण दक्षिण घोषित नीतिलाई अघि बढाउने सिल्करोडको प्रमुख नाका नेपाल नै हो । विश्व अर्थतन्त्रमा आर्थिक ड्रागन बनेर अघि बढेको चीन भारतको प्रमुख प्रतिस्पर्धी र 'रणनीतिक मित्र' (सिक्कमको नाथुला र नेपालको लिपुलेक) भए पनि नेपाल भारतको सुरक्षा र पानीचासोको मुख्य स्रोत मुलुक हो । कुनै पनि हालतमा भारत नेपालमा आफ्नो प्रभाव कम गर्न सक्दैन । अमेरिका, युरोप र स्केण्डेनेभियन मुलुकहरूको कूटनीतिक मात्र होइन, दक्षिण एसियामा क्रिश्चियन धर्म फैलाउने उर्बर प्रस्थानविन्दू पनि नेपाल बनिसकेको छ । यसकारण नेपाल विश्वकै सामरिक महत्वक्षेत्र बनेको छ । हामी नाभीमा कस्तुरी बोकेर सुगन्धको खोजमा भौंतिरीरहेका छौं । खोत्रिने, टुत्रिने, बिखण्डन हुने, एकता बिभाजित हुने मनस्थितिका सिकार बनिरहेका छौं । हामीले आफ्नो महत्वलाई देशहितमा उपयोग गर्ने सोच बनाउनै सकेका छैनौं ।

नेपालतिर विश्वदृष्टि परिरहेको स्थितिमा नेपालका नीतिकार, शासकबर्ग, विधिबेत्ता, जनप्रतिनिधिहरूले पहिलोपटक सुरक्षानीतिको निर्माण गर्नुपर्ने विषयसम्म उठाएका छन् तर नेपालीत्वको प्रस्फुटन कसरी सुरक्षित हुनसक्छ भन्ने विषय प्रवेश नै गरेका छैनन् । स्थिति प्रतिकूल र परिस्थिति अनुकूल छ । जटिलतालाई अनुकूलतामा रूपान्तरण गर्न आवश्यक छ– इमान, विश्वास र हिम्मत । वर्तमान राजनीतिक, प्रशासनिक र सुरक्षा निकायमा इमान खस्किएको छ, विश्वास भत्किएको छ, हिम्मत तरल छ । यति भनिसकेपछि सिद्धान्तका आधारहरू अवसरवादमा रूपान्तरित भइसकेका छन् भनिरहनु पर्दैन । त्यसैले मुलुक व्यवस्थित हुन नसकेको हो ।

परिवर्तनहरू भए, व्यवस्था परिवर्तन भयो । जनयुद्ध कलंकित घटनाक्रम हुन् तर जनआन्दोलनपछि सत्ता हस्तान्तरण, पद्धति परिवर्तन र संविधानको निर्माणसम्म पनि शान्तिपूर्ण रूपमै सम्पन्न भए । यो सम्पन्नतापछि खट्किएको विषय फेरि पनि नेताहरूमा इमान, विश्वास र हिम्मत नै हो । नेतृत्व विकास हुन नसकेको प्रमाण यही हो । धागोरूपी जनता बत्तीका रूपमा जलिरहे, नेतृत्वमा रहेका र पहुँच भएकाहरू जसको शक्ति उसको भक्ति गर्दै भूकम्प, नाकावन्दी, भ्रष्टाचार, कमिशन, सिण्डिकेटतन्त्रमा पग्लिरहे । जनताले सधैं नेताहरूलाई साथ दिए तर नेताहरूले देशको संस्थागत शिखरलाई बालुवाको धरहराजसरी पहिरोमा पार्दै गएका छन् ।

समानता, समानुपातिक, विधिको राज भन्ने विषय नयाँ संविधानले पनि हात्तीको देखाउने दाँतमा सिमित राखिदियो । त्यसै प्रधानन्यायाधीश कल्याण श्रेष्ठले यो संविधान कार्यान्वयन हुन गाह्रो छ भनेका होइनन् । सम्भवतः कल्याण श्रेष्ठजस्ता काविल न्यायाधीशले राजनीतिक भ्रष्टाचारको खोरिया संविधानले फाँड्न सक्दैन भन्ने अनुमान गरेरै बोलेको हुनुपर्छ ।

केपी ओलीले फागुन ७ गतेदेखि १२ गतेसम्म भारत भ्रमण गरे । अव सम्बन्ध ट्र्याकमा आयो, असहजता समाप्त भयो, सम्बन्ध सुध्रियो, मेरो भ्रमण सफल भयो भनेर फर्केको सातै दिनमा भारतले मधेसी मोर्चालाई अन्तिम युद्ध गर्न उक्साएको अनुभव हुनथालेको छ भने नेपाललाई दिदै आएको आर्थिक सहयोगमा ४० प्रतिशतले कटौति गरेर सम्बन्धमा तीतोपन बाँकी छ भन्ने सन्देश दिएको छ । भ्रमणकै क्रममा बाँकी बिबादहरू वार्ता र संवादबाट समाधान हुने विश्वास गरेको भारतले इन्धन आपूर्तिमा पनि ३० प्रतिशत कटौति गर्दै आएको छ । भारत नेपालले अपनाउने बैकल्पिक स्रोत हेर्न चाहन्छ । जुन भारतको सहयोग बिना असम्भव छ । सपना बेचेर र भ्रममा पारेर शासन गर्दै आएका राजनीतिक दलहरूले एकपटक फेरि मुलुकलाई माखेसांग्लोमा पारिदिएका छन् ।

नाकावन्दीपछि नेपालको ६ महिने आर्थिक गतिविधिको सिमितताले डलरको भाउ कहाँ पुग्यो, नेरूको ओजन कसरी खस्कियो ? भारत भारूलाई नेपाली रूपैयाँभन्दा दोब्बर महगो पारेर जबरजस्त जोल्ट दिन चाहिरहेको देखिन्छ । अर्थतन्त्र नबुभ्रेका अर्थमन्त्री र नौसिखा कांग्रेसी गभर्नर बनेको बेलामा नाकावन्दी र कार्टेलिङ आपूर्ति बन्दोबस्त गरेर भारतले नेपालका आर्थिक ढाड बिस्तारै भाँच्दै गएको अनुभूतिसम्म नेपालले गरेको देखिदैन । केही अर्थविद छन्, जो चिन्ता गरिरहेका छन्, तिनको कुरा सुन्न बहुमतको सत्ता टिकाएर एकलौटी हुकुमीतन्त्र चलाउन खोज्नेहरू तैयार देखिदैनन् ।

कमजोरी हाम्रो नियत, नैतिकतामा छ । भूकम्प गएपछि ओइरिएका वैदेशिक सहायता र राहत लुट्नमा शासन लाग्यो, प्रशासन र सुरक्षाकर्मीसमेत लागे । भूकम्प गएको १० महिनासम्म भूकम्पपीडितको यथार्थ तथ्यांक समेत छैन । बनेको पुननिर्माण प्रँधिकरणमा कांग्रेसलाई हटाएर एमाले कार्यकर्ता भर्ति गरियो, नतिजा शून्य नै छ । मर्ने मरिसके, बाँच्नेहरू राज्यले राहत दिन्छ भनेर कुरिरहेका छन् । दिने कहिले ? पहिले बितरण गरिएको १५ र १० हजार नगद राहत अभ्रै आमनागरिकले पाएका छैनन् । बढीभन्दा बढी पार्टीका कार्यकर्ताहरूले लुटेर खाए । ६ लाख घर भत्केका थिए, कागजमा ९ लाख घर भत्केको रेकर्ड गराउने पहुँचवाला राजनीतिक कार्यकर्ता र कर्मचारीको मिलोमतो नै हो । जहाँ सेटिङ मिलाएर बिपत्तिमा समेत राजनीतिक र प्रशासनिक पहुँचवालाहरू लुटिरहेका छन्, त्यस्तो देशमा शान्ति र स्थिरता, विकास र उन्नति स्यालको सिङ हुनु स्वभावक छ ।

**ओलीको चीन भ्रमणबारे भारत सचेत छ । भारतले चैत ४ गते भारतका विदेशमन्त्री सुषमा स्वराज र विदेश सचिव जयशंकर नेपालमा पठाइरहेको छ । उनीहरू सार्क मन्त्रिस्तरको वैठकमा भाग लिन आउने भए पनि नेपालका प्रधानमन्त्रीको चीन भ्रमणमा भारतीय स्वार्थ प्रतिकूल हुनेगरी कुनै सन्धि नगर्नु भनेर कूटनीतिक बार हाल्न आउन लागेको अनुभूति कूटनीतिक बेत्ताहरुले गरेका छन् । ओलीलाई यही कारण चीन भ्रमण सकसपूर्ण हुनलागेको छ ।**

# सामसुङको दुई मोडल बजारमा




काठमाडौं । सामसुङको स्मार्टफोन 'एस ७ एज' र 'एस ७' बुधबार सार्वजनिक गरिएको छ । सामसुङ इलोक्ट्रोनिक्स नेपालले एस सिरिजको पछिल्लो संस्करण सार्वजनिक गरेको हो ।

यसअघिका एस ६ एज र एस ६ का विशेषता र सुविधासँगै थप विशेषता र सुविधासहित एस ७ एज र एस ७ बजारमा आएको कम्पनीले जनाएको छ । एस ७ एज र एस ७ को नेपालमा मूल्य क्रमशः ८८ हजार ९ सय र ७७ हजार ९ सय रूपैयाँ तोकिएको छ । सीमित संस्करण प्याक अफरअन्तर्गत एस ७ एज, गियर एस २ क्लासिक, लेभल यूको मूल्य १ लाख २२ हजार रूपैयाँ रहेको कम्पनीले जनाएको छ ।

यसमा २० हजार पर्ने लेदर ब्याग निःशुल्क रहेको कम्पनीले जनाएको छ । त्यस्तै, एस ७ सँगै गियर एस २ लेभल यूको मूल्य १ लाख ८ हजार रूपैयाँ मूल्य तोकिएको छ । यसमा पनि २० हजार रूपैयाँ पर्ने लेदर ब्याग कम्पनीले निःशुल्क दिने जनाएको छ । कम्पनीले प्री–बुक अफरसमेत राखेको छ । बिहीबारदेखि सुरू हुने यो अफरमा एस ७ एज र एस ७ मा २० हजार पर्ने लेदर ब्याग अथवा १३ हजार ९ सय रूपैयाँ पर्ने गियर भिआर निःशुल्क दिने कम्पनीले जनाएको छ ।

सामसुङ इलेक्ट्रोनिक्स नेपालका एचएचपी डिभिजन प्रमुख प्रणयरत्न स्थापितले सबैभन्दा आकर्षक र उपयोगी स्मार्टफोन सामसुङले ल्याएको बताए । उनले एस ७ र एस ७ एजले स्मार्टफोनको सबै सुविधा उपलब्ध गराउने जानकारी दिए । दुई मोडलमा यसअघिको विशेषता र सुविधा अभ्र बढी रहेको छ, बढी ब्याट्री टिकाउ र ह्याङ नहुने भएकाले एकैपटक धेरै एप प्रयोग गर्न सकिन्छ,' उनले भने ।

एस संस्करणको यी दुवै मोडल आकर्षक डिजाइनमा रहेका छन् । यसमा कम प्रकाशमा पनि उज्यालो फोटो खिच्न सक्ने क्षमता रहेको कम्पनीले जनाएको छ । दुवै मोडलमा पहिलोपटक डुअल पिक्सल क्यामेरा राखिएको छ । कर्रिङ गोरिल्ला ग्लासबाट निर्मित मोबाइल सिंगल र डलब सिम दुवैमा उपलब्ध रहेको कम्पनीले जनाएको छ । सुपर एमोलेड टचस्क्रिन रहेको मोबाइलमा कलर संयोजनको वास्तविक रूप देखिनेछ । मल्टिटच सुविधा रहेको एस ७ एन्ड्रोइड ६.० मार्समाल्लो संस्करण रहेको छ । एस ७ मा २.३ क्वाड र १.६ गिगाहर्ज क्वाड अक्टाकोर रहेको छ । एस ७ एजमा २.१५ गिगाहर्ज डुअल र १.६ गिगाहर्ज डुअल क्याड कोर रहेको छ । ३२ जिबी र ६४ जिबी मेमोरीकार्ड रहेको मोबाइलमा ४ जिबीको र्‍याम छ । यसमा २ सय जिबीसम्म थप मेमोरी राख्न सकिन्छ । १२ मेगापिक्सल मुख्य क्यामेरा रहेको यसमा अटोफोकस, ओआइएस, लिड फ्ल्याससमेत रहेको छ । पछाडिको क्यामेरा ५ मेगापिक्सल रहेको छ । डब्लुएभी रिङटोन साउन्ड रहेको यसमा लाउडस्पिकर, ३.५ एमएमको ज्याकसमेत रहेको छ । फिंगरप्रिन्ट सेन्सर रहेको एस ७ मा ३ हजार एमएएचको ब्याट्री रहेको छ । एस ७ एजमा ३६ हजार एमएएचको क्षमता रहेको छ । एस ७ मा ५.१ इन्च र एस ७ एजमा ५.५ इन्चको स्क्रिन रहेको छ । दुवै फोन वाटरप्रुफ रहेको कम्पनीले जनाएको छ । दुवै मोडलमा तार र तारविहीन चार्ज सुविधा रहेको छ ।

# साम्प्रदायिक भावनासँगै उग्रराष्ट्रवाद

*परशुराम यादव*

नेपालमा संविधानको इतिहास लामो नभए पनि यसको संख्या भने धेरै छन् । नेपालका संविधानको आयु भने कम छन् । २०७२ सालको संविधानले दिगो समाधान दिने विश्वासमा रहेका थियौँ तर हुन सकेन । यसले नेपाली जानतालाई सामान्य राहत दिन नसके पनि, नेताहरु भने राहतको साँस फेर्न पाएका छन् । देशका नेताहरूको संविधान निर्माण एउट मात्रै उद्देश्य थियो । उनीहरूको उद्देश्य नेपालको शान्ति र विकास थिएन । उनीहरूको अर्जुन दृष्टि संविधान ल्याउनु थियो । ल्याए । उनीहरूको उद्देश्य पुराना ढर्रा, रवैया, विभेद, शोषण तथा दमनलाई निरन्तरता दिनु थियो र दिए पनि ।

नेताहरूको लक्ष्य र उद्देश्य पुरा भए तर जनताले देखेका सपना, सपनामै सीमित रहे । विपना हुन सकेन । मधेशीहरूको शदियौंदेखि देख्दै आएका नेपाली बन्ने सपना चक्नाचुर भयो । देशका सीमान्तकृत समुदाय केन्द्रमा आउन सकेनन र आउन सक्ने आधार पनि तयार भएनन् । जसका कारणले देशका अधिकांश जनता अन्दोलित भए र छन् पनि । एकआध घटनालाई छोडेर अन्दोलन शान्तिपूर्ण नै छ । यदि कुनै ठाउँमा केही हिसांत्मक घटना भएको छ भने राज्य पक्षकै कारणले भएको देखिन्छ ।

अन्दोलनका दौरान राज्य प्रशासनले समान्य नियम पनि पालन गर्न नसकेको कुरा बिभिन्न अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्थाहरूले प्रमाण पेश गरिसकेका छन् । आन्दोलनकारीमाथि गोली त चलाउने नहुने र चलाउने परिस्थिति आयो भने ढाँडभन्दा मुनि गोली प्रहार गर्ने अन्तर्राष्ट्रिय कानून रहेको छ । तर, सुरक्षाकर्मीले आन्दोलनकारीको टाउको र छाती हेरी-हेरी गोली प्रहार गरेका छन् । मधेशमा एक किसिमले राज्यले नश्लवादी नरसंहार नै गरेको आरोप छ ।

अन्तर्राष्ट्रिय मिडियाहरु यसको बारेमा बोल्ने र लेख्ने कार्य गरे र गर्दैछन पनि । तर दुर्भाग्यवश नेपालका मानव अधिकारकर्मीहरूले निष्पक्षता देखाउन सकेनन । नेपालका मिडियाहरूले पनि आफ्ना सामान्य धर्म पालन गर्न सकेनन् । नेपाली मिडियाहरूले मधेश आन्दोलनलाई भारतको आन्दोलनको संज्ञा दिँदै मधेशीको पीडामाथि झन् पीडा थप्ने काम गरेको छ । मिडिया भनेको राष्ट्रको चौथो अंग हो तर, नेपालमा एउटा मात्र समुदायको बारेमा समाचार विचार लेख्ने गरिन्छ ।

राष्ट्रियताको नाममा नेपालका दुई समुदायबीच घृणालाई बढाउने काममा सक्रिय छन् नेपाली मिडिया । सबैभित्र राष्ट्रिता भन्दा उग्रराष्ट्रवाद हावी छ । आफ्नो देशलाई प्रेमभन्दा अरु देश वा समुदायलाई घृणा गर्नु नै राष्ट्रियता सम्झिरहेका छन् । एकअर्काप्रति घृणा फैलाउनमा देशका नेता तथा राष्ट्रिय मिडिया हाउसहरु सहकार्य गरेका छन् । देशमा आगो लाग्यो । देश जलिरहेको छ । जनता पीडामा छन् । राष्ट्रवादको नाममा जस्तोसुकै समस्या सहन तयार छन् । जनता भिडाएर शासन गर्नेहरु, द्वन्द्वबाट फाइदा कमाउनेहरु, पहाडी समुदायलाई राष्ट्रियता शव्दको गलत प्रचार गरि आफ्नो सत्ता केहि दिनका लागि भए पनि टिकाउन चाहन्छ ।

हालै मनकामना दर्शन गर्न जाँदा फूलप्रसाद बेच्ने एक जना महिलासँग सामान्य परिचयको क्रममा उनले मधेशीमा राष्ट्रियता छैन । भारतसँग मिलेर तराईलाई भारतमा मिलाउन मधेशमा अन्दोलन भइरहेका छन । कस्ता छन मधेशी जसको खाने उसैको घर हड्पने, नुनको पनि गुन नगर्ने । हाम्रा विगतका शासकहरूले यिनीहरूलाई बस्नै नदिनुपर्ने । हामी अझ पनि दुःख सहन तयार छौ तर यिनीहरूलाई त लखेटनै पर्छ । यसरी ती महिलासंगको १५ मिसँनेटको अनौपचारिक गफले ममा हाँसो चिन्ता र चाँसो सबै जगायो । म तर्क गर्नसक्ने अवस्थामा पनि थिएन । किनभने मेरो अनुहार हेरेर नै उनले त्यती कुरा गरेकी थिइन् । मैले बोल्दा स्थितिमा तनाव हुन सक्थ्यो । तपाई अझ अध्ययन गर्नु पर्छ भन्दै हाँस्दै बिदा भए । मैले बिचारा ति महिलाको एक रत्ति पनि दोष देखेन । उनी आफना पीडा पोखेकी थिइन् ।

उनको ठाउँमा थुप्रै चिजको अभाव छन् । सबै पीडाको दोषी मधेशी हुन भन्ने कुरा सिकाइएको छ । एक किसिमको साम्प्रदायिक भावना भरिएको छ । त्यस्तो भावना भर्ने देशका सचेत नेता, बुद्धिजीबी र मिडियाहरु हुन् । कारवाहीका भागीदार यिनै अफवाफ फैलाउने संस्था वा समुदाय हुनु पर्दथ्र्यो । तर, कारवाहीको सट्टा पुरस्कृत भएका छन् । कारवाही कसले गर्ने ? न्यायलय, प्रहरी, प्रशासन ? सबै उनैका हुन् । जो चोर उसैको ठुलो स्वर । महिलाको कुराबाट के थाह भयो भने पहाडका अधिकांश मनिसको दिमगमा मधेशी नेपाली होइनन् र हुन पनि सक्दैनन् । मधेशी नेपाली होइनन्, पहाडी शासकहरु मधेशीलाई दया दृष्टि गरि खाना बस्न दिइएका छन् । मधेशीलाई शासकवर्गले दिइएका हक अधिकार, सेवा सुबिधा लिई बस्नुपर्दछ । मधेशीलाई अधिकार माग्ने अधिकार छैन ।अधिकार माग्दा गोली बाहेक अहिलेसम्म केही प्राप्त भएका छैनन् । अन्तरिम संविधानले दिइएका अधिकार पनि खोसिए । मधेशी माथि कसैले पनि विश्वास गरेका छैनन् ।भेषभुषा, भाषा र संस्कृति फरक हुँदैमा त्यसलाई गैरनागरिक ठान्ने कहाँका नियम हो ? जाति भाषा, थर, धर्म, लिङ्ग र रंगको अधारमा कुनै विभेद नगर्ने र यसको बिरूद्धमा लड्न नेपाल सरकारले तमाम सन्धि समझौतमा हस्ताक्षर गरे पनि आफ्नै देशका मधेशी, दलित, जनजातिहरूलाई रंगभेद गर्न अग्रसर छ । यसलाई कम गर्नको साटो निरन्तरता दिने मनसायमा छ ।

अनुहारकै अधारमा कानून बनाउने, कारवाही गर्ने, बन्चितीकरणमा पार्ने, अपहेलित र अपमानित गर्ने रवैया सर्वथा गलत थिए र छन् पनि । यसको मतलव पहाडका जनतालाई कुनै समस्या नै छैन भन्न खोजेको छैन । त्यहाँका जनताहरु पनि अति गरिबीका मारमा छन् । दुई छाक खाना खाने अवस्थामा छैनन् । गुणस्तरीय स्वास्थ्य शिक्षा तथा खानेपानीबाट बंन्चित छन् । तर कमसेकम उनीहरूलाई कसैले गैरनेपाली त भन्दैन । उनीहरूको राष्ट्रियता माथि कसैले पनि शंका गर्दैन । उनीहरूले बोलेको कुनै कुरा सहजै स्वीकार्य हुन्छन् ।

तर, मधेशी जनता भौगोलिक सुगमताका बाबजुद विकास नभएका देशलाई माया गरेका छन् । दक्षिणका सबै सिमानामा सीमा रक्षकको रूपमा भारतसँग झगडा गरेर सिमानाको रक्षा गरेका छन् । देश बेच्ने कार्यमा अग्रसर भएको इतिहास छैन । विदेशमा गएका देशको बेइज्जत गरेका छैनन् । देशका जिम्मेवारहरु जिम्मेवार भएर प्रस्तुत नभएसम्म देशमाविभेद विरूद्धको संघर्ष जारी रहन्छ र नेपाल समृद्ध राष्ट्र बन्न सक्दैन । मधेश नेपालको महत्वपूर्ण भूभाग भएकोले त्यहाँ बस्ने मधेशी नेपालीहरु पनि मधेशी हुन् भन्ने कुरालाई आत्मसात गर्नैपर्ने हुन्छ ।

*(मधेश दर्पण फिचर सेवा)*

**नेताहरूको लक्ष्य र उद्देश्य पुरा भए तर जनताले देखेका सपना, सपनामै सीमित रहे । विपना हुन सकेन । मधेशीहरूको शदियौंदेखि देख्दै आएका नेपाली बन्ने सपना चक्नाचुर भयो । देशका सीमान्तकृत समुदाय केन्द्रमा आउन सकेनन र आउन सक्ने आधार पनि तयार भएनन् । जसका कारणले देशका अधिकांश जनता अन्दोलित भए र छन् पनि । एकआध घटनालाई छोडेर अन्दोलन शान्तिपूर्ण नै छ । यदि कुनै ठाउँमा केही हिसांत्मक घटना भएको छ भने राज्य पक्षकै कारणले भएको देखिन्छ ।**



# एमाले मधेसप्रति किन उदासिन ?

*डम्बर खतिवडा*

मधेस आन्दोलन तुहिएको निष्कर्षसहित प्रधानमन्त्री केपी शर्मा ओलीको पार्टी एमाले मधेसमा शक्ति-प्रदर्शन गर्ने प्रयास गरिरहेको छ । तराईका सीमान्त सहरहरूमा ठूला जनप्रदर्शन गरेर संघीयताको साविक ढाँचा सही भएको, यसका पक्षमा जनमत रहेको, सीमांकनको मुद्दा खासै अर्थयुक्त नरहेको, मधेस आन्दोलन मुफतमा भइरहेको सिद्ध गर्ने प्रयास गर्नु सम्भवतः यी ठूला सभाहरूको निहित अभीष्ट हो । लोकतन्त्रमा सभा-सम्मेलन गर्नु दलहरूको स्वाभाविक लोकतान्त्रिक अधिकार हो । सामान्य दृष्टिकोणबाट यसलाई अन्यथा लिइनु हुन्न । तर, मधेस मुद्दाको सम्बोधनविनै देश अगाडि लान सकिन्छ भन्ने सन्देश यी सभामार्फत प्रवाहित गर्न खोजिएको हो भने त्यो दुर्भाग्यपूर्ण हुन सक्छ ।



एमाले नेपालका राजनीति दलहरूमध्ये सबैभन्दा बलियो सञ्जाल भएको दल हो । पुष्पलालका पालादेखि बनेको स्कुलिङलाई मातृविचार र मातृपार्टी बनाएर थुप्रै मानिस यो पार्टीमा आबद्ध छन् । तसर्थ ठूला सभासम्मेलन गर्न सक्ने यो दलको क्षमतामा कुनै शंका गरिरहनु पर्दैन । तर, नीति तथा कार्यक्रमका हिसाबले ०४६ यता एमालेका अधिकांश परिकल्पनासँग देशको राजनीतिक मार्ग तादाम्यमुक्त छैन । फलतः देशले ठूल्ठूला संकट भोग्न परिरहेको छ । यी समस्याको एक्लो भागिदार एमाले पक्कै पनि होइन । तर, एउटा संगठित र शक्तिशाली दलको बौद्धिक सीमा नै संकुचित र सीमितीकरण भएर जानुले देशका संकटलाई झनै बढाएको छ ।

०४७ सालको संविधानलाई मदन भण्डारीले आलोचनात्मक समर्थन गरेका थिए । प्रस्ट नभनिए पनि त्यसले लोकतान्त्रिक गणतन्त्रको कार्यदिशालाई संकेत गर्थ्यो । दासढुंगा काण्डमा मदन भण्डारीको अवसानसँगै माधव-केपी गुट शक्तिशाली भएर आयो । त्यसले मदन भण्डारीका बुँदाहरु बिर्सेर ०४७ सालको संविधानलाई संसारकै उत्कृष्ट भन्ने बोलीमा लोली मिलाउन थालेको थियो । संवैधानिक राजतन्त्र नेपालमा लामो समयसम्म चल्ने अनुमानका आधारमा एमाले नेताहरूले लामो समयसम्म ०४७ को संविधानको बचाउ, संविधानसभाको विरोध र गणतन्त्रको कार्यदिशालाई अधैर्यको रूपमा चित्रण गरे । तर, केही वर्ष नबित्दै त्यो प्रयास फितलो र अर्थहीन साबित भयो ।

जनआन्दोलन ०६२/६३ पश्चात् भएको मधेस आन्दोलन, संघीयता र समावेशिताको मुद्दाप्रति पनि एमाले प्रारम्भमा खासै सकारात्मक देखिएन । तर, एमालेको अनिच्छाले त्यो प्रक्रिया रोकिएन । अन्ततः उसले पनि यी मुद्दामा आफूलाई समाहित गऱ्यो । एमालेमा त्यो एउटा लचकचाहिँ छ । प्रारम्भमा यसले परिवर्तनका मुद्दालाई सही ढंगले बुझ्न सक्दैन । सिर्जनशील तर्क प्रणाली र विश्लेषण पद्धतिको पहलकदमी लिन सक्दैन । तर, जब परिवर्तनका मुद्दा समाजमा छ्यालब्याल हुन्छन्, लामो समयसम्म त्यसको विरुद्ध उभिन पनि सक्दैन । तसर्थ एमाले मधेस मुद्दाको कुनै सम्बोधन र समाधान नै चाहँदैन भन्ने होइन । तर, त्यसको तार्किक निष्कर्ष दिन उसलाई गाह्रो परिरहेको छ । यो उसको सोचको सीमा र संगठनको आम चरित्र बनेको छ ।

प्रधानमन्त्री ओलीको भारत भ्रमणपछि स्थितिमा परिवर्तन आउने अपेक्षा एकखाले मान्छेले गरेका थिए । मधेसलाई आइसोलेट गरेरै भारतसंगको सम्बन्ध सुधार्न सकिए एकलौटी पेलेर अगाडि बढ्नुपर्छ भन्ने एमाले नेताहरूको आन्तरिक रणनीति थियो । आज उनीहरूलाई अनुभूति भएको हुनुपर्छ कि त्यो कुरा निकै गाह्रो मात्र होइन, लगभग असम्भव पनि छ । नेपाली कांग्रेसको महाधिवेशनका कारण नयाँ समीकरण नबन्नु त्यो एउटा कुरा हो । अन्यथा ओली जुन प्रकारको सरकार चलाइरहेका छन्, त्यो लामो जाने सक्दैन । ओली सरकार अगाडिका सरकार धेरै प्रभावशाली थिए भन्ने होइन । तर, एकपछि अर्को निकम्मा सरकारको रेकर्ड बनाउनुबाहेक यो सरकारको सान्दर्भिकता अहिलेसम्म पुष्टि भएको छैन ।

भारत भ्रमणका क्रममा ओलीले जे बोले, जे गरे, सतही राष्ट्रवादी मनोविज्ञानले आक्रान्त मानिसका लागि ती अभिव्यक्ति निःसन्देह आत्मसन्तोषका विषय बने । तर, नेपालको भूराजनीतिक जटिलता र अन्तर्य त्यति सजिलो छैन भन्ने कुरा ओलीका अन्धसमर्थकहरूलाई भन्दा बढी अनुभूति सायद स्वयं ओलीलाई भएको हुनुपर्छ । भारतमा उनले तेलंगना विभाजनको उदाहरण पनि दिए । तर, यो उदाहरण दिइरहँदा ओलीले बिर्सेको एउटा यथार्थ के थियो भने तेलंगनाको सवाल भारत स्वतन्त्र हुँदैदेखि उठेको थियो, जसलाई कांग्रेस आई र नेहरू-गान्धी परिवारले बारम्बार अस्वीकार गऱ्यो । अन्ततः तेलंगना पनि छुट्यो तर त्यसका लागि करिब १५ सय नागरिक मर्नुपऱ्यो । यति नै मान्छे मरेपछि मात्र सीमांकन पुनर्विचार गर्न तयार हुनेछु भन्ने अर्थमा ओलीले तेलंगनाको उदाहरण दिने गरेका हुन् भने त्यो अर्को ठूलो दुर्भाग्य हुनेछ । अन्यथा तेलंगना उदाहरणको नेपालमा कुनै सान्दर्भिकता छैन ।

यो पंक्तिकार पनि नेपालको नयाँ संविधानको सैद्धान्तिक समर्थक हो । लोकतन्त्र, गणतन्त्र, संघीयता, समावेशिता, धार्मिक स्वतन्त्रता, सामाजिक न्याय र समाजवादउन्मुख सिद्धान्तमा यो संविधान बनेको छ, यसमा असहमत हुनुपर्ने ठाउँ अत्यन्तै कम छ । तर, यी सिद्धान्तहरूको मर्म र मान्यतालाई आत्मसात् गरेरै संविधानका प्रावधान निर्माण गरिएको छ भन्ने भ्रम कसैमा पनि रहन जरूरी छैन । संविधानमा थुप्रै चिज नमिलेका छन्, जसले नेपालको राजनीतिक संघर्षलाई अझ केही समय बढाउन सक्छ । जबसम्म हामी एकप्रकारको सापेक्षिक राजनीतिक स्थिरतामा पुग्दैनौं, तबसम्म हामी विकास, सुशासन, स्वाधीनता र समृद्धिको नयाँ युगमा जान सक्दैनौं । आफ्नो नेतृत्वको सरकार भएका वेला विवादको राजनीतिक समाधान दिएर देशलाई नयाँ युगमा प्रवेश गर्ने अवसर दिनुपर्ने दायित्वबाट एमाले चुकिरहेको छ । यस अर्थमा सरकारमा एमालेको उपस्थिति देशको प्रगति र परिवर्तनका लागि बाधक बनेको छ ।

निःसन्देह मधेस आन्दोलन अहिले एकप्रकारको ठहरावमा आइपुगेको छ । मधेस मामिला असम्बोधित रहेकोमा अति उत्साहित मान्छेहरूले यसलाई तुहिएको भन्न सक्छन् । मधेस आन्दोलनका बाँकी कार्यभार पूरा गर्ने दृढसंकल्पितहरूले यसलाई स्थगन गरिएको भन्लान् । अलिक स्वतन्त्र र तटस्थ आँखाबाट हेर्दा मधेस आन्दोलन यी दुवै विश्लेषण भन्दा फरक निकै कचल्टिएको र अनिश्चित भविष्यको गर्नतिर धकेलिँदै गएको देखिन्छ । निकै लामो रस्साकस्सी, संघर्ष र बलिदानको महागाथापश्चात् आन्दोलन शिथिलतामा आइपुगेको छ । संवेदनशील भएर बुझ्न खोज्ने हो भने यसका पाठ समग्र देश र मधेस दुवैका लागि विशिष्ट प्रकार छन् । कुनै निकास नै नदिएर जाने हो भने मधेसले आन्दोलन धान्न नसकेर केही समयलाई त चुप लाग्ला तर यो घाउले नेपालको राजनीतिलाई दशकौं लामो अस्थिरतातिर धकेल्न सक्छ ।

केही मान्छे संविधानको पवित्रतामा अग्धोरै विश्वास गर्थे । संविधान सबै हिसाबले राम्रो छ, त्यसलाई छुनै हुन्न भन्ने चिन्तनको धरातलमा उभिएर गरिएका तर्क आज अर्थहीन भइसकेका छन् । संविधानको पहिलो संशोधन भइसकेको छ । अर्थात् अक्षत पवित्रता खण्डित भइसकेको छ । संविधान सबै हिसाबले पूर्ण, अनुल्घनीय र पवित्र थियो भने फेरि त्यसको पहिलो संशोधन किन र केका लागि थियो ? भन्ने प्रश्नको उत्तर उनीहरूले कदापि दिन सक्ने छैनन् ।

यी यावत् तर्कको अर्थ यो होइन कि मधेसी मोर्चाका मागहरु हुबहु स्वीकार गर्नुपर्छ । मधेसी मोर्चाले पनि लचकता अपनाउन जरूरी छ । तर, यो मुद्दालाई यसरी सधैं टाँगेर, भागेर कसैले धर पाउँदैन । माओवादी विद्रोहजस्तो जटिल सवालले त राजनीतिक निकास पाएको यो देशमा मधेस आन्दोलनको मात्र कुनै बैठान नभेटिने भन्ने हुँदैन ।

# एनसेलले ल्यायो सबैलाई उपहार योजना

काठमाडौं । एनसेलले 'एनसेलको बहार, सबैलाई उपहार' नामक नयाँ योजना ल्याएको छ । यसमा ग्राहकले ९० दिनसम्म हरेक दिन आकर्षक उपहार पाउन सक्नेछन् ।

यो योजना २९ फागुनबाट सुरू भई ९० दिनसम्म सञ्चालनमा रहने कम्पनीले जनाएको छ । योजनामा एनसेलका सम्पूर्ण ग्राहकले भाग लिन सक्नेछन् । प्रत्येक दिन निश्चित डेटा प्याक, बोनस ब्यालेन्स, बोनस टक टाइम, रात्रि टकटाइम, बोनस एसएमएस र एमएमएसलगायत मध्येबाट कुनै एक उपहार प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ ।

ग्राहकले १७१२४ मा डायल गरी अथवा अंग्रेजीको पहिलो अक्षर 'ए' टाइप गरी १७१२४ मा एसएमएस पठाई यो योजनामा निःशुल्क सहभागी हुन सक्नेछन् । सहभागिता जनाएपछि ग्राहकले उपहारमध्ये एक उपहार योजना अवधिभर लगातार पाउने कम्पनीले जनाएको छ ।

योजनामा रू. ५० बोनस ब्यालेन्स, रू. २५ बोनस ब्यालेन्स, रू. १५ बोनस ब्यालेन्स, ९ एमबी डेटा, ६ एमबी डेटा, ५ मिनेट बोनस टकटाइम, १० बोनस एसएमएस र एमएमएस, रू. १० रात्रि टकटाइम बोनस, रू. १० रात्रि बोनस, ५ बोनस एसएमएसलगायतका उपहारहरु रहेका छन् । यसरी प्राप्त हुने उपहार ग्राहकले त्यसै दिन अर्थात् रात्रि १२ बजेभित्र प्रयोग गरिसक्नुपर्नेछ । रात्रि १२ बजेपछि अघिल्लो दिनको उपहार स्वतः सकिनेछ र सोही उपहार ग्राहकले फेरि अर्को २४ घन्टाका लागि मान्य हुने गरी पाउनेछन् ।

'ग्राहकलाई उत्कृष्ट सेवा अनुभव प्रदान गर्न एनसेल सधैं प्रतिबद्ध रहेको छ । ग्राहकलाई आफ्ना प्रियजनसँग निःशुल्क थप सम्पर्कमा रहन सम्भव बनाउने यो योजनाले ग्राहकलाई थप लाभ प्रदान गर्नेमा हामी विश्वस्त छौं,' एनसेलका कर्पोरेट संवादविज्ञ मिलन शर्माले भने ।

योजनामा सहभागी ग्राहकले पहिलो दिन प्राप्त गरेको उपहार योजना अवधिभर लगातार प्राप्त गर्नेछन् ।

नेपालकै उत्कृष्ट कोरियन भाषा इन्स्टिच्यूट

सिन्ह्वा कम्पनी प्रा.लि.

बागबजार, काठमाडौं

(पिके क्याम्पस अगाडि, यति प्लाजा)

फोन : ०१-६९२३१५२, ६९२३१३०

# भ्रष्टाचार नियन्त्रणका लागि संवेदनशीलताको खाँचो

रामबाबु राय यादव

अन्तरिम संविधान निर्माणकालदेखि मधेश प्रदेश एवं समानुपातिक, समावेशी प्रतिनिधित्वका लागि मधेशी समुदायले पहिलो र दोस्रो मधेश आन्दोलन गरे । तत्पश्चात राज्यले २२ बुँदा र ८ बुँदा सम्झौता गरिएको थियो । नयाँ संविधान घोषणा पछि उक्त सम्झौता कार्यान्वयन गरेन । पहिलो संविधासभाबाट राज्य पुनर्संरचना आयोगले मधेशमा दुई प्रदेशको अवधारणा ल्याएको थियो । तर, नयाँ संविधानमा सीमांकनलाई षड्यन्त्रपूर्ण रूपमा पेचिलो बनाइएको छ । आज फेरी मधेशी मोर्चाले तेस्रो मधेश आन्दोलनको घोषणापछि सरकारले मधेशी मोर्चासित सम्झौता नगरिकन संविधान संशोधन गऱ्यो । मधेश आन्दोलनको दौरान राज्यको क्रुरता र दमनकारी व्यवहारका कारण अल्पकालिन रूपमा जनधनको क्षति भएको छ । आफ्नै देशका अभिन्न भू-भाग मधेश र त्यहाँका मुल बासिन्दा मधेशीलाई राष्ट्रघाती र देशद्रोही भन्ने स्वयम् राज्य तथा गठबन्धनबाट भइरहेको छ । हजारौं घाइते अवस्थामा छन् । मधेश-तराई क्षेत्र रणभूमिमा परिणत भएको थियो । तर, तानाशाही, खसवादी सरकारले गोली, अश्रुग्याँस हान्दै अन्याय, अत्याचार एवं जातिय नरसंहार गर्दै दमनकारी नीति अख्तियार गरेको थियो ।

घाइते र मृतक क्षतिपूर्ति दिँदै सरकारले मधेश आन्दोलनको क्रममा मृत्यु भएकालाई शहिद घोषणा गर्नुपर्दछ । साथै घाइतेलाई उपचार गराउनुपर्दछ । सीमांकनको एजेन्डालाई थाती राख्दै गरिएको संशोधन क्षतिपूर्ण रहेको छ । समानुपातिक समावेशी र निर्वाचन क्षेत्रको निर्धारण सम्बन्धमा संविधानको पहिलो संशोधन यसप्रकार रहेको छ ।

संविधानको धारा ४२ को उपधारा १ मा रहेको सामाजिक न्याय सम्बन्धी :

"आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारु, मुस्लिम, अल्पसंख्यक, सीमान्तकृत, अपांगता भएका व्यक्ति, लैगिंक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएका क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिता हक हुनेछ । "

धारा २८६ को उपधारा १ (५)

'निर्वाचन क्षेत्र निर्धारण आयोगले यस धारा बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा संविधानको धारा ८४ को उपधारा १ को खण्ड (क) को अधिनमा रही प्रतिनिधित्वका लागि जनसंख्यालाई मुख्य र भुगोललाई दोस्रो आधार मानी संघीय कानुन बमोजिम प्रदेशमा निर्वाचन क्षेत्र निर्धारण गरिनेछ र प्रदेश भित्र रहेका प्रत्येक जिल्लामा कम्तीमा एक निर्वाचन क्षेत्र रहनेछ ।

यसरी संशोधित संविधान समानुपातिक समावेशी, निर्वाचन क्षेत्र निर्धारण एवंम सीमांकन सहित मधेशी जनताको भावना र मर्म विपरित र क्षतिपूर्ण रहेको छ । सीमांकन सहितको मधेशमा दुई प्रदेशका लागि सशक्त संघर्षको आवश्यकता रहेको छ । यसका लागि मधेश तराई व्यापी स्वशासन, सुरक्षा तथा स्वरोजगार माथि बहस हुनुपर्दछ । साथै देश र मधेशमा भएका भ्रष्टाचार, तस्करी एवं कालाबजारीको भण्डाफोर गरी महँगी नियन्त्रण गर्नुपर्दछ । हरेक वर्ष झै यस वर्ष पनि भ्रष्टाचार विरुद्ध क्रियाशिल अन्तराष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेशनलको भ्रष्टाचार अवधारणा सुचकांक २०१५ नामक प्रतिवेदन सार्वजनिक गऱ्यो । विश्वको १६८ मुलुकलाई समेटिएको सो प्रतिवेदनमा १०० मा ९१ अंक सहित भ्रष्टाचार नहुने र असल शासन भएको मुलुकको रूपमा डेनमार्क पहिलो स्थानमा पर्न सफल भयो भने सोमालिया ८ अंक सहित बढी भ्रष्टाचार हुने मुलुकको पहिलो स्थानमा दरिन पुग्यो । एउटा विकसित मुलुक असल शासन भएको भ्रष्टाचार रहित मुलुकको रूपमा सफल भएको र द्वन्द्व, भोकमरीबाट ग्रस्त अर्को मुलुक सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकको रूपमा आउनु एउटा अनौठो संयोग नै भएको छ । गरीब मुलुक मै बढी भ्रष्टाचार हुनाले विधिको शासन असफल भएको र झुटो राजनीतिले अर्थव्यवस्थालाई निर्देशित र परिचालित गरेको देखिन्छ , राजनीति शुद्ध भए विधिको शासन चले भ्रष्टाचारको कुनै ठाउँ नरहने संकेत डेनमार्कको आर्थिक सफलताले दिएको छ । डेनमार्क उच्च आय भएको विकसित मुलुक हो ।

जुन देश हरेक कुरामा परनिर्भर छ त्यही देशमा सीमित वर्ग र व्यक्तिले भ्रष्टाचारबाट आर्जज गरेका सम्पत्तिले आयातलाई दबाब दिने हैसियत बनाएका छन् । स्वदेशी उत्पादनलाई निरूत्साहित गर्दै आयातित महँगा वस्तुबाट दैनिकी चलाउने ती सीमित वर्गले दैनिक श्रमबाट आयआर्जन गरी गुजारा गर्ने गरीब वर्गको खिल्ली पनि उडाइरहेका छन् । जुन देशको अर्थतन्त्र आयातमा निर्भर छ अनि जुन देशको अर्थतन्त्र वैदेशिक सहायतामा चलेको छ त्यही देशका राजनीतिकर्मी र जनताको सेवक मानिएका कर्मचारी नै सबैभन्दा बढी भ्रष्टाचारीका रूपमा चिनिनु निकै ठूलो बिडम्वना र नेपाली जनताको ठूलै दुर्भाग्य बनेको छ । राजनीतिले गरेको कर्मचारीतन्त्रको दुरुपयोग र अर्थव्यवस्थाको अनैतिक दोहनको यो पराकाष्ठा हो । मुलुक भित्र संस्थागत भ्रष्टाचार मौलाएको छ । लोकतन्त्रको मानमर्दन गरिएको छ । आम नागरिकले लोकतन्त्रको अनुभुति गर्न पाएका छैनन् ।

आर्थिक र सामाजिक उन्नतिमा सधैं पछि परेको मुलुक भ्रष्टाचारमा अघि देखा पर्दैछ । बर्सेनि भ्रष्टाचार बढ्दो छ । ट्रान्सपरेन्सी इन्टरनेशनलले सार्वजनिक गरेको प्रतिवेदनमा अघिल्लो वर्ष नेपाल २९ अंक पाएर १२६ औं स्थानमा थियो भने यो वर्ष ४ स्थान तल झरेर १ सय ३० औं स्थानमा आइपुग्यो । यसरी सुचांकमा तल झर्नु भनेको भ्रष्टाचार बढ्नु हो । देश र मधेशका राजनीतिकर्मीले राजनीतिलाई समाजसेवाका रूपमा नलिई बिना लगानीको व्यवसायका रूपमा अंगालेकाले राजनीतिमा बेथिती मात्र बढेको छैन, राजनीति भनेकै कमाउन र कुम्याउनका लागि हो भन्ने मानसिकता विकास हुँदै गएको छ । त्यसैले राजनीतिकर्मीले राजनीतिलाई समाजसेवाको सट्टा पेशा वा व्यवसाय कै रूपमा ग्रहण गर्न थालेका छन् । मुलुकमा बर्सेनि भ्रष्टाचार बढ्नु र जनताको मूल्यांकनमा राजनीतिकर्मी नै सबैभन्दा बढी भ्रष्टाचारीका रूपमा देखिनुको मुख्य कारण पनि यही हो । राजनीतिकर्मीको व्यवहार र कार्यशैली पछिल्लो समय ठूलो उपलब्धिका रूपमा लिइएको लोकतन्त्रप्रति छिट्टै जनताको मोह भंग हुने खतरा बढेको छ ।

मुलुकमा भ्रष्टाचार बढेकोमा विवाद छैन । भ्रष्टाचार नगरी राजनीतिकर्मीको सम्पत्ति बढ्दैन र जीवनशैलै बदलिदैन । भ्रष्टाचार नगरी राष्ट्र सेवक कर्मचारीको पनि असीमित सम्पत्ति थुप्रिन सक्दैन । अख्तियारले साँच्चै इमान्दारीता पूर्वक छानबिन गर्ने हो भने शीर्ष राजनीतिकर्मी निष्कलंक भेटिने छैन । विशुद्ध राजनीति मात्रै गरेर कमाउन सकिदैन र शुद्ध तलबले मात्रै करोडौंको सम्पत्ति जोड्न सकिदैन । यसबाट पुष्टि हुन्छ कि सरकारी वा सार्वजनिक सबै निकायमा भ्रष्टाचार हुँदै आएको छ । भ्रष्टाचारको जालो सर्वत्र फैलिसकेको छ । नीतिगत र संस्थागत भ्रष्टाचार नै मौलाइसकेको छ । रूखको जरा तल हुन्छ तर भ्रष्टाचारको जरा भने माथि हुन्छ । यस्तो जरा जताजतै फैलिसकेको छ । यस्तो अवस्थामा अख्तियारले मालपोत, भूमिसुधार, भन्सार, सडक विभाग र यातायात विभागका केही खरिदार वा सुब्बालाई हजार वा १० हजार घुस सहित रंगेहात पक्राउ गरेर ठूलो पुरूषार्थ गरेको वा अभूतपूर्व सफलता हाँसिल गरेको आत्मरतिमा रमाइरहने हो भने भ्रष्टाचार नियन्त्रणका कुरा दिवा सपना मात्र हुनेछ । अनि वर्सेनि भ्रष्टाचारीहरु हाँसे पनि स्वाभिमानी र इमान्दार नेपालीले लाजले शिर निहुऱ्याउनुपर्नेछ ।

अन्तमा भ्रष्टाचार नियन्त्रणका लागि देशका राजनीतिकर्मी र राष्ट्रसेवक कर्मचारीमा जिम्मेवारीबोध र संवेदनशलिताको खाँचो छ । यससँगै भ्रष्टाचारको एजेण्डा राजनीति एजेण्डा बनाएर भ्रष्टाचारको संजाल भन्दा ठूलो र प्रभावकारी सञ्जाल विस्तार गरी नीतिगत र संस्थागत भ्रष्टाचारी माथि छानबिन र कारबाही गर्ने समय आएको छ । यसरी मधेश आन्दोलन र भ्रष्टाचार विरुद्धको आन्दोलन सँगै अगाडि बढाएर राष्ट्र र जनता मधेश रमधेशी जनतालाई पूर्ण अधिकारको ग्यारेन्टी गर्नुपर्दछ ।

*(मधेस दर्पण)*

**आर्थिक र सामाजिक उन्नतिमा सधैं पछि परेको मुलुक भ्रष्टाचारमा अघि देखा पर्दैछ । बर्सेनि भ्रष्टाचार बढ्दो छ । ट्रान्सपरेन्सी इन्टरनेशनलले सार्वजनिक गरेको प्रतिवेदनमा अघिल्लो वर्ष नेपाल २९ अंक पाएर १२६ औं स्थानमा थियो भने यो वर्ष ४ स्थान तल झरेर १ सय ३० औं स्थानमा आइपुग्यो । यसरी सुचांकमा तल झर्नु भनेको भ्रष्टाचार बढ्नु हो । देश र मधेशका राजनीतिकर्मीले राजनीतिलाई समाजसेवाका रूपमा नलिई बिना लगानीको व्यवसायका रूपमा अंगालेकाले राजनीतिमा बेथिती मात्र बढेको छैन, राजनीति भनेकै कमाउन र कुम्याउनका लागि हो भन्ने मानसिकता विकास हुँदै गएको छ ।**

## vnsb

## रियल लगातार छैटौंपटक क्वार्टरफाइनलमा

म्याड्रिड, क्रिस्चियानो रोनाल्डोले सिजनको ४०औं गोल गरेपछि स्पेनिस क्लब रियल म्याड्रिड युरोपियन च्याम्पियन्स लिगको क्वार्टरफाइनलमा प्रवेश गरेको छ । मंगलबार राति इटालियन क्लब रोमालाई समग्रमा ४-० ले पराजित गर्दै रियलले अन्तिम चारमा स्थान पक्का गरेको हो । पहिलो लेगमा २-० को जित निकालेको रियलले दोस्रो लेगमा पनि २-० कै नतिजा निकाल्यो ।

पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलमा रियलको लागि रोनाल्डो र जेम्स रोद्रिगेजले एक-एक गोल गरे । रोनाल्डोले ६४औं मिनेटमा गोल गर्दा ६८औं मिनेटमा रोद्रिगेजले अग्रता दोब्बर पारे । पहिलो




लेगमा २-० ले पछि परेको रोमाका स्ट्राइकरद्वय इडिन जोको र मोमद सलाहले पाएका अवसर खेर फाले । जितसँगै रियल लगातार छैटौंपटक अन्तिम आठमा पुग्न सफल भयो । ला लिगामा शीर्ष स्थानको बार्सिलोनाभन्दा १२ अंकले पछि परेको रियलले अब च्याम्पियन्स लिग जित्ने अभियान बनाएको छ ।

घरेलु मैदानमा रियलले रोमाको पोस्टमा ३७ प्रहार गरेको थियो । त्यस्तै, रोमाले पनि राम्रा अवसर पाएका थियो । जोको र सलाहले राम्रो फिनिसिङ गर्न सकेको भए खेलको नतिजामा फरक पर्न सक्थ्यो । रोनाल्डोले पहिलो हाफमा उत्कृष्ट अवसर खेल फालेका थिए । तर, उनले दोस्रो हाफमा उत्कृष्ट गोल गर्न सफल भए । पोर्चुगिज फरवार्ड रोनाल्डोले जारी सिजनको च्याम्पियन्स लिगमा १३ गोल गरिसकेका छन् ।

ला लिगामा बार्सिलोनासँगको अंक दूरी बढ्दै जानुमा रियलका फरवार्ड ग्यारेथ बेल घाइते हुनुलाई पनि लिइएको छ । तर, ला लिगाको पछिल्लो खेलमा बेलले गोल गर्न सफल भए । सेल्टा भिगोविरूद्धको खेलमा बेलले सब्स्टिच्युट खेलाडीको रूपमा मैदान प्रवेश गरेर गोल गरेका थिए । आफ्नो फर्मलाई बिस्तारै समाउन थालेका बेलले च्याम्पियन्स लिगको क्वार्टरफाइनलमा रियलको खेलमा प्रभाव पार्ने विश्वास गरिएको छ ।

रोनाल्डोले च्याम्पियन्स लिगमा आफ्नो गोल संख्या ९० पुऱ्याएका छन् । रैंनाल्डो च्याम्पियन्स लिगमैं सबैभन्दा बढी गोल गर्ने खेलाडी हुन् । च्याम्पियन्स लिगमा बार्सिलोनाका लियोनल मेसीको गोल संख्या ८२ छ भने रियलकै पूर्वखेलाडी राउलको ७१ छ । रोनाल्डोले च्याम्पियन्स लिगका पछिल्ला ६ खेलमा ५ गोल गरेका छन् ।

## सारापोभा डोपिङमा असफल

पूर्वविश्व नम्बर एक महिला टेनिस खेलाडी मारिया सारोपाभा डोपिङ परीक्षणमा असफल भएको खुलेको छ । २८ वर्षीया सारापोभा अस्ट्रेलियन ओपनमा लिइएको डोपिङ परीक्षणमा असफल भएकी हुन् । सारापोभा स्वयंले आफू डोपिङ परीक्षणमा असफल भएको मंगलबार लस एन्जलसमा पत्रकार सम्मेलनमा सार्वजनिक गरेकी हुन् । यद्यपि, यो विषयको पूर्ण अनुसन्धान सकिएको छैन । अनुसन्धानले दोषी देखाएमा साराभोपालाई चार वर्षको प्रतिबन्ध लाग्नेछ ।

सारापोभाले मेल्डोनियम नामक प्रतिबन्धित औषधि सेवन गरेको पाइएको छ । उनले यो औषधि स्वास्थ्य समस्याका कारण सन् २००६ देखि सेवन गर्दै आएकी थिइन् । अन्तर्राष्ट्रिय टेनिस महासंघ (आइटिएफ)ले पाँचपटकको ग्राण्डस्लाम च्याम्पियनलाई १२ चैतदेखि लागू हुने गरी निलम्बन गरिने जनाएको छ । यता, स्पोर्टस् वेयर नाइक कम्पनीले पनि अनुसन्धान जारी रहेसम्म सारोपोभालाई गरिएको प्रयोजनबाट हात झिकेको छ । उनले डोपिङमा असफलको पूर्ण जिम्मेवारी लिने बताएकी छिन् । 'म परीक्षणमा असफल भएकी थिएँ, यसको पूर्ण जिम्मेवारी लिन्छु,' १७ वर्षको उमेर (सन् २००४) मा विम्बल्डन विजेता सारापोभाले भनिन् ।

सारापोभाले १० वर्षदखि मेल्डोनियम सेवन गर्दै आएकी थिइन् । सारापोभाका अनुसार उनलाई डाक्टरले 'मेल्ड्रोनेट' नामको औषधि दिने गरेका थिए । तर, मेल्ड्रोनेट र मेल्डोनियम फरक नाम भए पनि एउटै औषधि हो । 'केही वर्षअघि मैले आइटिएफबाट पत्र पाएकी थिएँ, जहाँ मैले सेवन गरेको मेल्ड्रोनेटको अर्को नाम मेल्डोनियम भएको उल्लेख थियो,' सारापोभाले भनिन् । सारापोभाका वकिल जोन हागर्टीले कम समयको प्रतिबन्ध लाग्ने आशा व्यक्त गरेका छन् ।

## /Elg va/



### वैशाख १० मा हाउ फन्नी

चेलिबेटी बेचबिखनविरूद्ध र महिला सशक्तीकरणका विषयमा केन्द्रित भई निर्माण गरिएको कमेडी फिल्म 'हाउ फन्नी' वैशाख १० गते प्रदर्शन हुने भएको छ । पूर्वमिस नेपाल माल्भिका सुब्बाले निर्माण गरेको फिल्मलाई निलु डोल्मा शेर्पाले निर्देशन गरेकी हुन् ।

'हाउ फन्नी' युनिटले केही दिनअघि राजधानीमा प्रेसमिट गरी प्रदर्शन मितिका साथै प्रोमो सार्वजनिक गरेको हो । फिल्ममा दयाहाङ राई, केकी अधिकारी, प्रियंका कार्की, निशा अधिकारी, विजय बराल, शिशिर राणालगायतका कलाकारले अभिनय गरेका छन् । हरि हुमागाईले खिचेको फिल्मले दर्शकलाई भरपूर मनोरञ्जन दिने दाबी निर्माण पक्षको छ ।

### बालिकालाई भाग् सानी भाग्को सहयोग

फिल्म 'भाग् सानी भाग्'को निर्माण पक्षले क्यान्सरपीडित सात वर्षीया बालिका रेजिना पौडेललाई उपचारार्थ रकम सहयोग गरेको छ ।

नवल नेपाल निर्देशित भाग् सानी भाग्का निर्माताले बिहीबार रिपोटर्स क्लबमा एक कार्यक्रम आयोजना गरी अस्ट्रेलिया प्रदर्शनबाट आर्जित एक लाख ६२ हजार दुई सय १५ रूपैयाँ सहयोग प्रदान गरेका हुन् । संगीतकार तथा गायक चेतन सापकोटाले सहदेव गौतमसँग मिलेर निर्माण गरेको फिल्म ५ चैतमा प्रदर्शन हुँदै छ ।

सहयोग रकम प्रदान कार्यक्रममा निर्देशक नेपाल, प्रस्तुतकर्ता सापकोटा, अभिनेत्री केकी अधिकारी, अभिनेता सबिन श्रेष्ठलगायत निर्माता सहदेव पनि उपस्थित थिए । भाग् सानी भाग् अन्य सामाजिक कार्य पनि गर्ने तयारीमा रहेको चेतनले बताएका छन् ।

### तीव्र प्रचारमा लक्ष्य

लक्ष्य फिल्मले प्रचारप्रसार तीव्र बनाउँदै लगिरहेको छ । ५ चैतमा रिलिज हुने फिल्मबारे जानकारी दिन लक्ष्य निर्माण युनिटले मंगलबार राजधानीमा सञ्चारकर्मी भेटघाट कार्यक्रम सम्पन्न गर्‍यो ।

ओमलाल गुरूङले मिलन आलेमगरको निर्देशनमा निर्माण गरेको फिल्म युवाको सोच, सपना र लक्ष्यबारे



केन्द्रित छ । कार्यक्रममा अभिनेता सबिन श्रेष्ठले लक्ष्यमा आफूले निर्वाह गरेको भूमिकाका बारेमा प्रस्ट्याएका थिए ।

त्यसैगरी, अभिनेत्री अनु शाह र सारिका केसीले पनि लक्ष्य पूर्ण व्यावसायिक फिल्म बनेकाले दर्शकले मन पराउने विश्वास व्यक्त गरे । निर्माता ओमलालले लक्ष्य निर्माण गर्न आफूले कुनै कुरामा पनि सम्झौता नगरेको बताउँदै दर्शकले फिल्मबाट भरपुर मनोरञ्जन प्राप्त गर्ने विश्वास व्यक्त गरे । निर्देशक मिलनले युवा पुस्ताको सोच, शैली र सपनालाई पर्दामा उतारिएको बताउँदै दर्शकले आफ्नो फिल्मबाट सबै प्रकारको स्वाद पाउने दाबी गरे ।

सुमन तण्डुकारले खिचेको फिल्मको स्क्रिप्ट सुशील पंगेनीले लेखेका हुन् भने रामजी लामिछानेको कोरियोग्राफी छ । सुनील मानन्धरले वितरण गर्ने फिल्ममा अर्जुन पोखरेल र टंक बुढाथोकीको संगीत छ ।

### 'पश्चिमाहरूको देशमा'माथि अन्तक्रिया

नियात्रा समाज नेपालले अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर गीता रेग्मीको नियात्रा संग्रह 'पश्चिमाहरूको देशमा'माथि अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको छ ।

मंगलबार कार्यक्रममा साहित्यकार निर्मोही व्यास, कृष्ण धरावासी, दामोदर पुडासैनी र प्रभा बरालले कृतिमाथि चर्चा गरे । कार्यक्रममा अभिव्यक्ति साहित्यिक द्वैमासिक पत्रिकाका प्रधान सम्पादक श्री नगेन्द्रराज शर्मा, नियात्रा समाजका अध्यक्ष चन्द्र प्रसाद भट्टराईले पनि कार्यक्रममा आ-आफ्ना धारणा राखे ।

डा. निर्मोही व्यास र साहित्यकार कृष्ण धरावासीले महिला नियात्रा लेखनमा गीता रेग्मीको पश्चिमाहरूको देशमा कृतिले आशालाग्दो महिला नियात्रा लेखक जन्माएको बताए । कार्यक्रममा उपस्थित अन्यले नियात्रा लेखकले नियात्रा लेखनमा पाएका चुनौती, समस्या र कृतिबारे विभिन्न जिज्ञासा राखेका थिए । रेग्मीले ती प्रश्नको उत्तर दिइन् ।

### रहेनन् कलाकर्मी कालिदास

कलाकर्मी कालिदास श्रेष्ठको ९३ वर्षको उमेरमा निधन भएको छ । निमोनियाबाट पीडित श्रेष्ठको उपचारका क्रममा ब्लुक्रस अस्पताल त्रिपुरेश्वरमा बुधबार बिहान निधन भएको हो ।



नेपाली ललितकला क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएका कालिदास वि.सं. १९९१ मा स्थापित नेपाल आर्ट स्कुलको पहिलो ब्याचका विद्यार्थी थिए । नेपाल र भारतमा समेत कलाको अध्ययन गरेका उनले ललितकला क्याम्पस स्थापना गर्न महत्वपूर्ण योगदान गरेका थिए । ललितकला कलेजका पहिलो प्रमुख रहेका कालिदासका कलासम्बन्धी विभिन्न पुस्तक प्रकाशित छन् ।

ललितकला क्याम्पस भोटाहिटी र नक्सालस्थित नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानमा स्वर्गीय श्रेष्ठलाई श्रद्धाञ्जली अर्पण गरियो । प्रज्ञा-प्रतिष्ठानका मानार्थ सदस्यसमेत रहेका श्रेष्ठले जुद्धशमशेर जबराबाट चित्रकला पुरस्कार, महेन्द्र प्रज्ञा-पुरस्कार, महेन्द्र शुभराज्याभिषेक पदक, जनपद सेवा पदक, दीर्घ सेवा पदक, वीरेन्द्र शुभराज्याभिषेक पदक, वीरेन्द्र गद्दी आरोहण रजत पदक प्राप्त गरेका थिए ।

### सपना देख्नेहरूको स्क्रिनिङ

अज्ञात लुइँटेलद्वारा निर्मित तथा निर्देशित वृत्तचित्र 'सपना देख्नेहरु' मंगलबार 'स्क्रिनिङ' गरिएको छ । युवा सञ्जाल परिवर्तनका पाइलाले यो वृत्तचित्र नेपाल कमर्स क्याम्पसमा देखाएको हो । 'उज्यालो यात्रा' नाम दिइएको कार्यक्रममा वृत्तचित्र देखाउनुका साथै अपांगता भएर पनि समाजमा बेग्लै पहिचान बनाएका व्यक्तिहरूको संघर्ष र सफलताबारे पनि अन्तर्क्रिया गरियो ।

सपना देख्नेहरुमा रत्नराज्यलक्ष्मी क्याम्पसका अध्यापक गोविन्द प्रसाद आचार्य, आदर्श कन्या निकेतनका शिक्षक टेकनाथ न्यौपाने र नेपाल राष्ट्रिय अपांग मानवअधिकार संरक्षण मञ्चका महासचिव रमेशबाबु तिवारीको संघर्ष र चुनौती समेटिएको छ । आचार्य र न्यौपाने दृष्टिविहीन हुन् भने तिवारी पोलियो रोगका कारण अशक्त छन् । तर, उनीहरु सबलांगभन्दा कम छैनन् । यही कुरा सपना देख्नेहरुमा समेटिएको छ ।

कार्यक्रममा चिकित्सकको लापरबाहीले दुवै खुट्टा गुमाएको स्मरण गर्दै प्रद्युम्नराज डिसीले आफ्ना अनुभव सुनाए । त्यस्तै, परिवर्तनका पाइलाका निर्देशक निकेशकुमार लम्साल र अध्यक्ष रूपा सापकोटाले कार्यक्रममा आफ्ना धारणा राखे । सपना देख्नेहरूका निर्देशक अज्ञातले अपांगता भएका व्यक्तिमा मनोबल उच्च राख्न वृत्तचित्र बनाइएको र प्रदर्शन गरिएको बताए ।

## skt/6

### वृद्धवृद्धालाई एसबिआईको लत्ताकपडा

नेपाल एसबिआई बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत काठमाडौंको रविभवनस्थित आमाको घरका वृद्धवृद्धालाई लत्ताकपडा वितरण गरेको छ । बैंकका प्रबन्ध निर्देशक अनुकूल भट्नागर तथा प्रमुख सञ्चालन अधिकृत विजयकुमार त्यागीले नारी दिवस २०१६ अवसरमा आमा घरमा रहेका वृद्धवृद्धालाई लत्ताकपडा वितरण गरेका हुन् ।

### कञ्चनबारीमा सिर्जनाको शाखा

सिर्जना फाइनान्स लिमिटेडले विराटनगरको कञ्चनबारीमा शाखा विस्तार गरी कारोबार सुरू गरेको छ । कञ्चनबारीसहित कम्पनीका सञ्जाल ७ पुगेका छन् ।

मोरङ व्यापार संघका वरिष्ठ उपाध्यक्ष **राजेन्द्र राउतले** शाखा उद्घाटन गरेका थिए । मोरङ, सुनसरी र सप्तरी कार्यक्षेत्र रहेको कम्पनीको ०७२ फागुन २० सम्म निक्षेप १ अर्ब ६० करोड र कर्जा १ अर्ब ४३ करोड पुगेको कार्यक्रममा जानकारी दिइएको थियो ।

यसै आर्थिक वर्षभित्र सप्तरीको कल्याणपुर, बरसाइन र पातोमा शाखा विस्तारका लागि तयारी भइरहेको कम्पनीका प्रबन्ध सञ्चालक प्रभाकर देवकोटाले बताए ।

### पूर्णिमा-सिद्धार्थ क्यापिटलबीच सम्झौता

रूपन्देहीको भैरहवामा मुख्य कार्यालय रहेको पूर्णिमा विकास बैंकले १००८५४३.६ कित्ता हकप्रद सेयर निष्कासनका लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकका रूपमा सिद्धार्थ क्यापिटलसँग सम्झौता गरेको छ ।

बैंकले हाल कायम चुक्ता पुंजी २०१७०७१८.७५ को प्रतिसेयर १०० रूपैयाँ अंकित साधारण सेयरको २:१ को अनुपातमा हकप्रद साधारण सेयर कायम सेयरधनीलाई निष्कासन गर्ने भएको छ । सम्झौतापत्रमा पूर्णिमाका प्रमुख कार्यकारी अधिकृत प्रकाश गुरूङ र सिद्धार्थ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत ध्रुव तिमिल्सिनाले हस्ताक्षर गरेका थिए ।

### पोखरा फाइनान्सको कर्जा सुविधा

मुख्य कार्यालय पोखराको न्युरोडमा रहेको पोखरा फाइनान्सले १९औं वर्ष प्रवेश अवसरमा वार्षिक ८.९९५ प्रतिशत ब्याजदरदेखि कर्जा सेवा प्रदान गरिएको बताएको छ ।

चुक्ता पुंजी ४९ करोड ११ लाख १९ हजार २ सय रहेको कम्पनीले न्यून ब्याजदरमा कर्जा प्रवाह गर्नुका साथै निकट भविष्यमा सेयर कर्जा सुरू गरिन लागेको जनाएको छ ।

### ग्लोबल आइएमई-एस बैंक भारतबीच सहकार्य

ग्लोबल आइएमई बैंकले भारतमा कार्यरत नेपालीलाई सहज रूपमा रेमिट्यान्स पठाउन भारतको एस बैंकसँग रेमिट्यान्स कारोबार सम्झौता गरेको छ । सम्झौतापत्रमा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल ज्ञवाली र एस बैंकका ग्रुप प्रेसिडेन्ट अरूण अग्रवाल तथा सिनियर प्रेसिडेन्ट ऋतेश पाईले हस्ताक्षर गरेका थिए ।

सम्झौतापछि भारतमा कार्यरत नेपालीले एस बैंकबाट ग्लोबल आइएमईमार्फत रेमिट्यान्स पठाउन सक्नेछन् । सम्झौताअनुसार भारतीय एस बैंकका ४०,००० वटा एस मनी सर्भिसका एजेन्टबाट ग्लोबल आइएमई बैंकका कुनै पनि शाखा कार्यालय वा मुलुकभरका कुनै पनि आइएमई एजेन्टमा सीधै पठाएको रेमिट्यान्स ग्राहकले भुक्तानी लिन सक्नेछन् ।

हाल ग्लोबल आइएमई बैंकले भारतमा युनाइटेड बैंक अफ इन्डिया र इन्डस्ट्रियल बैंक अफ इन्डियामार्फत रेमिट्यान्स सेवा प्रदान गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंकले हाल कतार, युएई, बहराइन, भारत, मलेसिया, कोरिया, जापान, अस्ट्रेलियालगायत विश्वका विभिन्न मुलुकका बैंक र एक्सचेन्ज हाउससंगको सहकार्यमा रेमिट्यान्स कारोबार गर्दै आएको छ ।

### कैलाश विकास बैंकमा मेट्रो र नेपाल एक्सप्रेस फाइनान्स गाभिने

राष्ट्रियस्तरको कैलाश विकास बैंक सञ्चालक समितिको शुक्रबार सम्पन्न विशेष साधारणसभाले पोखरामा केन्द्रीय कार्यालय रहेको मेट्रो डेभलपमेन्ट बैंक र काठमाडौंमा केन्द्रीय कार्यालय रहेको नेपाल एक्सप्रेस फाइनान्सलाई गाभ्ने सर्वसम्मत निर्णय गरेको छ ।

विशेष साधारणसभाले आगामी २०७४ असार मसान्तसम्म चुक्ता पुंजी २ अर्ब ५० करोड पुर्‍याउन मर्जरपछि कायम रहेको चुक्ता पुंजीमा २० प्रतिशतका दरले हकप्रद सेयर निष्कासन गर्ने, संस्थाको अधिकृत पुंजी ३ अर्ब १० करोड, जारी पुंजी १ अर्ब ८९ करोड पुर्‍याउने निर्णयसमेत पारित गरेको सञ्चालक समिति अध्यक्ष राजेन्द्र गिरीले बताए ।

मर्जरपछि बैंकको चुक्ता पुंजी १ अर्ब ५८ करोड पुग्नेछ । बैंकको पुस मसान्तसम्मको वित्तीय विवरणअनुसार निक्षेप १३ अर्ब २२ करोड र कर्जा ११ अर्ब ४८ करोड रूपैयाँ छ ।

मर्जरपछि शाखा सञ्जाल ३८ र १७ वटा एटिएम हुनेछन् भने मर्जरपछि बैंकको नाम कैलाश विकास बैंक लिमिटेड रहने निर्णय भएको छ ।

## गाईको...

भयो, नवसामन्त पार्टी बन्यो, नवसामन्त नेता बने । अहिले एमाओवादी दक्षिण एसियाको सबैभन्दा धनी पार्टी भनेर चर्चा गरिने गरेको छ ।

बाँदरमुढेमा मारिएका जनताका परिवारले अझै न्याय पाएका छैनन् । क्षतिपूर्ति त कता हो कता, मारिएका परिवारसामु प्रचण्डले माफीसमेत मागेका छैनन् । मानौं, सोझा मान्छे मारेर, अंगभंग पारेर उनले ठूलै हरकत गरेका हुन् ?

छोरा प्रकाश राजनीतिबाट पन्छिएर मामाफान्जा लाइभस्टक गाईफार्म खोल्न पुगेका छन् । कोही घाँसपराल हाल्दैछन्, कोही दूध दुहुदैछन्, कोही खिर पकाउँदै र कोही दूध बेच्न हिडिरहेका देखिन्छन् । यो सब देखेका प्रचण्डको मन खुशी त भयो तर चितवनबासीलाई उनले बोलेका राहतका कुरा एकदशकसम्म पनि पूरा गर्न नसकेकोमा कुनै पछुतो देखिएन । गाई फार्मबाट प्रचण्डले समाजवादी क्रान्ति, कम्युनका बारेमा केही सोचे सोचेनन्, त्यसको खुलासा पनि गरेनन् ।

## सरकार...

तिनका माइवापका रूपमा रहेका भारतीय पक्ष दुबै नरम छन् । यसकारण मधेसी मोर्चाले हिमाल, पहाड, तराई सबैतिर आँधीजस्तो आन्दोलन गर्ने धम्की जुन दिइरहेका छन्, त्यसमा नर्मीपन आउने सम्भाबना छ । भारत मोदी र भारतको झण्डा जलाउने ओली सरकारलाई फाल्न चाहन्छ र त्यसको आधारभूमि कांग्रेसबाट तैयार भएको छ । शेरबहादुर देउवाले कांग्रेस र सरकारको नेतृत्व लिएर अघि बढ्दा नाकावन्दी पूर्ण समाप्त हुनेमात्र होइन, नेपाल–भारत सम्बन्धमा समेत न्यानोपन आउने विश्वास गर्न थालिएको छ ।

तर देउवा पनि पूर्णदेशभक्तचाहिं होइनन् । यिनैले हो महाकाली सन्धि गरेको । यिनैले हो, महाकाली सन्धिलाई आधारातमा संसदबाट पास गराएर भारतको कानमा सुमधूर संगीत सुनाइदिएको । फेरि फेरि त्यस्ता गल्ती नहुन्, फेरि फेरि त्यस्ता राष्ट्रघात नगरून्, यसतिर आम जनताको सजगता जरूरी छ । किनभने कांग्रेस सत्ता र शक्तिका लागि गल्ती गर्ने पार्टी हो ।

देउवाले सरकार परिवर्तन गर्ने तरङ्ग उत्पन्न गराइसकेका छन् भने प्रचण्डसमेत देउवाप्रति नरम भएको देखिदैछ । वीपीवादी लाइनमा, खुमबहादुरवादी हिन्दूराष्ट्रको पक्षमा देउवा उभिएकाले राप्रपा र राप्रपा नेपालसमेत देउवाका सहयोगी हुनसक्छन् । नेमकिपाले त अव सत्ता परिवर्तन हुन्छ भनिसकेको छ । सत्तामा भएका राजमोका चित्रबहादुर केसी त संघीयता चाहिदैन, नेपाल टुक्र्याउन पाइदैन भनेर नारा लगाइरहेकै छन् ।

लाग्छ, अव हुने सत्ता परिवर्तनले जारी संविधानमा महत्वपूर्ण संशोधन गर्दै राजनीतिले नयाँ मोड लिनसक्छ भनिरहेका छन् विश्लेषकहरू ।

## सतप्रतिशत...

नमान्ने र भएका कर्मचारीलाई कामको चाप बढी भएकाले थप कर्मचारी ल्याउन भत्ता दिने निर्णय गरिएको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणलाई कर्मचारी उपलब्ध गराउने दायित्व सरकारको हो । सरकारले कर्मचारी उपलब्ध गराउन सकेन भने केपी ओली नेतृत्वको सरकार सत्तामा बसिरहनुको औचित्य छैन । आफ्ना कर्मचारीलई आवश्यकता अनुसार सामान्य प्रशासन मन्त्रालयले जहाँ पनि खटाउन सक्छ । खटाएको ठाउँमा कर्मचारी जान मानेनन भनेर सरकारले लाचारीपन देखाउन पाउँदैन । प्राधिकरण जाने कर्मचारी पनि निजामित ऐन अनुसारकै भएका हुनाले एउटा ठाउँमा काम गर्दा सतप्रतिशत भत्ता पाइने, तर अर्को ठाउँमा काम गर्दा नपाइने यो विभेदकारी निर्णय भएको हुनाले कर्मचारीहरूबाटै त्यसको विरोध हुनसक्छ । मन्त्रिपरिषदले निर्णय गरेरमात्र त्यस्तो निर्णय लागु हुन सक्ने अवस्थामा प्राधिकरण आफैंले सतप्रतिशत भत्ता उपलब्ध गराउने निर्णय अव्यवहारिक र प्राधिकरणमा आएको रकम लुट्ने प्रवृत्तिले प्रेरित भएकोजस्तो देखिएकाले अविलम्ब त्यसतर्फ प्रधानमन्त्री ओलीको ध्यान जानु आवश्यक छ ।

प्राधिकरणको सतप्रतिशत भत्ता उपलब्ध गराउने निर्णयले दरबन्दी अनुसार कर्मचारी पूर्ति भएमा मासिक ३५ लाखभन्दा बढी सरकारी ढुकुटीमा भार पार्ने देखिन्छ । ६ महनिाका लागि मात्र निर्णय भएकाले सो अवधिकका लागि २ करोड १० लाखको अतिरिक्त भार सरकारी ढुकुटीमा पर्ने र २०७३ असारपछि फेरि अर्को निर्णय गरेर सतप्रतिशत भक्ता खाने भएकाले अविलम्ब त्यस्तो निर्णय खारेज गरिनु आवश्यक देखिन्छ । भूकम्पपीडितको नाममा प्राधिकरणका कर्मचारीले ब्रम्हलुट मच्चाउन पाउने अधिकार प्राधिकरणका सिइओलगायत कसैलाई छैन । हाल उपत्यकाबाहिरका ११ जिल्लामा सर्भेको काम भइरहेको बताइएता पनि पुनर्निर्माणले गति लिन सकेको छैन । यही गतिमा अघि बढेमा भूकम्पपीडितले आउँदा वर्षायाममा समेत आ–आफ्ना घरमा बस्ने पाउने छैनन् ।

## सत्तामा....

मन्त्रीबाट मुक्त हुनुपर्ने हो, तर आजसम्म पनि उनी पदमै रहेका छन् । नयाँ संविधानले मन्त्री बन्नका लागि व्यवस्थापिका संसदको सदस्य हुनुपर्ने अनिवार्य गरेको छ । तर दल नै खारेज भएपछि उनको निर्दलीय हैसियत रहन सक्दैन । त्यसैले उनलाई प्रधानमन्त्री केपी ओलीले अविलम्ब पदमुक्त गरी संविधानको रक्षा गर्नुपर्ने आवाजसम्म उठ्न थालेको छ । निर्वाचन ऐनमा मन्त्री सिंहको हैसियत के हुने भन्ने प्रष्ठ व्यवस्था नभएपनि संविधानमै संसद नभएको व्यक्ति मन्त्री हुन नपाउने संवैधाकि व्यवस्था भएको हुनाले संविधान अनुसार उनी पदमुक्त हुनुपर्छ । कानुन नभएको भन्दै सिंहलाई सत्ता बचाउने खेलमा मन्त्री पदमा राखीराख्नु भनेको संविधानको उल्लंघन हुनु हो ।

दर्ता खारेज भएका दलहरूमा समाजवादी जनता पाटी, जनतादल युनाइटेड, जनता पार्टी नेपाल, नेपाली जनता पार्टी, नेपाल जनभावना पार्टी, सशक्ति नेपाल, नेपाल राष्ट्रिय लोकतान्त्रिक दल, नेपाल राष्ट्रिय जनकल्याण पार्टी, जनमुक्ति पार्टी नेपाल, शिवसेना, लिवरल समाजवादी पार्टी, नेपाल साम्यवादी दल, नव नेपाल प्रजातन्त्रिक दल, संघीय लोकतान्त्रिक राष्ट्रिय पार्टी र समाजवादी पार्टी रहेका छन् । खारेजीमा परेका दलले प्राप्त गरेको नाम, चुनाव चिन्ह र झण्डा अन्य कुनै राजनीतिक दलले प्रयोग गर्न नपाउने गरी फ्रिज गरेको आयोगले जानकारी दिएको छ । आयोगले सर्वसाधारणको जानकारीका लागि दर्ता खारेजी सम्बन्धी सूचना राजपत्रमा प्रकाशित गर्ने निर्णय समेत गरेको छ । खारेजमा परेका दलले प्रक्रिया पुऱ्याएर त्यही नामबाट वा नयाँ नाम लिएर पुन दर्ता हुन पाउँछन् । आयोगले तीन मन्त्री अध्यक्ष रहेको तीन पार्टीसहित १ सय २० दललाई समयमा आयव्यय विवरण नबुझाएको भन्दै एकसय

## व्यवस्थापिका र...

बताएको छ । सभामुखले केही दिन पहिला न्यायपरिषद्लाई पत्र नै पठाएर सिफारिस फिर्ता गरेकी छिन् । संसदको प्रमुख प्रतिपक्षी दल कांग्रेस र कांग्रेस निकट कानुनविद्हरूले न्यायपरियषद् पूर्ण नभइ न्यायाधीश सिफारिस नगर्न आग्रह गरेका भएपनि हतार हतार ११ जनालाई न्यायाधीशमा सिफारिस गर्ने निर्णय परिषदले गरेको थियो । हाल न्यायपरिषदमा प्रधानन्यायाधीश कल्याण श्रेष्ठ, सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश सुशीला कार्की र कानुनमन्त्री अग्नी खरेल रहेका छन् । श्रेष्ठको अध्यक्षताम फागुन १८ गते बसेको बैठकले ११ जनाको नाम न्यायाधीशको लागि सिफारिस गरेको थियो । न्यायपरिषदले सातजना पुनरावेदन अदालतका न्यायाधीशबाट र ४ जना कानुनव्यवसायीहरूको नाम सर्वसम्मत सिफारिस गरेको थियो ।

सिफारिसमा पर्नेहरूमा पुनरावेदन अदालत बागलुङका मुख्य न्यायाधीश दीपककुमार कार्की, पुनरावेदन अदालत वीरगञ्जका मुख्य न्यायाधीश केदार चालिसे, बुटबलका मुख्य न्यायाधीश शारदा घिमिरे, इलामकी मुख्य न्यायाधीश मीरा खड्का, तत्कालिन महान्यायाधीवक्त हरिकृष्ण कार्की, पुनरावेदन हेटौंडाका मुख्य न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, पुनरावेदन राजविराजका मुख्य न्यायाधीश ईश्वरप्रसाद खतिवडा, पुनरावेदन पाटनका मुख्य न्यायाधीश आनन्दमोहन भट्टराई र वरिष्ठ अभिवक्ता प्रकाशमान सिंह राउत, अनिलकुमार सिन्हा र सपना मल्ल रहेका छन् । संसदीय सुनुवाईपछि मात्र राष्ट्रपतिबाट सर्वोच्च अदालतमा सिफारिस भएका न्यायाधिशहरू नियुक्त हुने व्यवस्था संविधानको धारा २९२ मा छ । यस व्यवस्था अनुसार संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधानन्यायाधीश, सर्वोच्चका न्यायाधीश, संवैधानिक निकायका प्रमुख वा सदस्यहरू, न्यायपरिषद्का सदस्य र राजदुतमा नियुक्ति हुनुअघि संघीय कानुन बमोजिम संसदीय सुनुवाई हुने उक्त धारामा उल्लेख छ । तर अहिले संसदीय समिति कस्तो बनाउने भन्नेमा विवाद भएकाले संसदको नियमावली बन्न नसकेको अवस्थामा संसदीय सुनुवाई समिति गठन भएको छैन । संसदीय सुनुवाई समिति गठन नभएको र न्यायपरिषदले पूर्णता समेत नपाएको अवस्थामा न्यायपरिषदले गरेको सिफारिस कतै अलपत्र त पर्दैन भन्ने आशंका समेत उब्जिएको छ । प्रमुख प्रतिपक्षी दल कांग्रेस र एमालेबीचको विवादले न्यायपरिषदले गरेका सिफारिस अहिले अलपत्र अवस्थाम भएपनि दलहरू भने विवाद मिलाउन सक्रिय देखिएका छैनन् ।

## ११ जिल्लाका...

देवबहादुर बोगटी, पाल्पामा हरिराज वाग्ले, नुवाकोटमा देवबहादुर बोहोरा, सिन्धुलीमा उमाशंकर पञ्जियार र धादिङमा शरदकुमार खत्रीलाई पठाइएको छ ।

त्यस्तै, सिन्धुपाल्चोकमा गोरखसिंह भण्डारी, गोरखामा जनकराज पाण्डे, बाग्लुङमा चक्रबहादुर सिंह, गुल्मीमा भोला रावल, डोटीमा दिल्ली विष्टलाई सरूवा गरिएको छ । भण्डारी, पाण्डे, सिंह, रावल र विष्ट गत साता मात्र एसपीमा बढुवा भएका हुन् । उनीहरूले बढुवालगत्तैको पोस्टिङमा इन्चार्ज पाएका छन् । सामान्यतया बढुवालगत्तै इन्चार्ज दिने प्रचलन छैन ।

डोटीका हिमबहादुर लामालाई महानगरीय प्रहरी कार्यालय रानीपोखरी, इन्टरपोल शाखाका स्थानेश्वर रेग्मीलाई क्षेत्रीय प्रहरी कार्यालय पोखरा र प्रहरी प्रधान कार्यालयका सूर्यप्रसाद आचार्यलाई दंगा नियन्त्रण गण स्पन्देहीमा सरूवा गरिएको छ । छानबिनका लागि एयरपोर्टबाट हटाइएका एसपी विकासराज खनाललाई जगेडामा राखिएको छ ।

गत साता बढुवा भएका एसपीहरूको पनि पदस्थापन गरिएको छ । राजकुमार बैदवारलाई जुनियर प्रहरी एकेडेमी भरतपुर, मुकेश सिंहलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय हेटौंडामा पदस्थापन गरिएको छ ।

त्यस्तै, हृदय थापालाई मुख्यालयको जनसम्पर्क शाखा, यज्ञविनोद पोखरेललाई इन्टरपोल शाखा, सुरेन्द्र मैनालीलाई तालिम निर्देशनालय, प्रमोद खरेललाई एयरपोर्ट, कृष्णहरि शर्मालाई सर्वोच्च अदालत, अशोक सिंहलाई ललितपुर परिसरमा पदस्थापन गरिएको छ ।

त्यस्तै, गत साता बढुवा भएका कमल खरेल, सुदीप राजभण्डारी र रमेश थापा पनि इन्चार्ज हुन पाएका छन् । खरेललाई क्षेत्रीय ट्राफिक कार्यालय कोहलपुर, थापालाई क्षेत्रीय ट्राफिक कार्यालय अत्तरिया र राजभण्डारीलाई मध्यक्षेत्रीय सशस्त्र प्रहरी गण हेटौंडामा सरूवा गरिएको छ । प्रहरी मुख्यालयले डिएसपीको सरूवा र इन्स्पेक्टरबाट डिएसपीमा बढुवाको समेत तयारी गरेको छ । डिएसपीका ४४ पद रिक्त छन् ।

## खुमबहादुर...

भयो, कांग्रेस एक भयो, कांग्रेसमा कुनै बिबाद छैन, कांग्रेसभित्र कसैलाई अन्याय हुन्न भन्ने प्रतिक्रिया दिए ।

के गर्ने, रामचन्द्र पौडेलले आँसु लुकाउन सकेनन् । भन्नलाई पार्टीभित्रको आन्तरिक प्रजातन्त्र त भने तर उनले आँसु पुछेको सबैल देखे । रामायणमा रामचन्द्र बनवास गएको कथा पढ्ने हामीले कांग्रेसमा पनि रामचन्द्र बनवास नै जान बाध्य भए ।

रामायण हिन्दू ग्रन्थ हो । देशमा हिन्दूराष्ट्रको ठूलै बिबाद चलिरहेको छ । शेरबहादुर देउवाले हिन्दूराष्ट्र अभियानमा साथ दिन्छु भनेकाले हिन्दू अभियन्ता खुमबहादुर खड्काले देउवालाई सघाएका हुन् । देउवालाई भारतीय संस्थापनको पनि सहयोग रह्यो । भाजपाले भगत कोसियारीलाई नेपाल पठाएर देउवालाई जिताउने जिम्मेवारी दिएको थियो । नभन्दै देउवाले जिते । यता राप्रपा नेपालको हिन्दूराष्ट्र जागरण अभियान, उता भाजपा र खुमबहादुर खड्काको नेपाल हिन्दूराष्ट्र हुनैपर्छ भन्ने एजेन्डासहित देउवालाई जिताएको माहोल ।

के हुन्छ अव ? हिन्दूराष्ट्रका लागि शेरबहादुर देउवाले नेतृत्व लिन्छन् ? देउवा अधिकांश कांग्रेसी र ९३ प्रतिशत ऊँकार परिवारको पक्षमा उभिन सक्छन् ? देउवाले क्रिश्चियन कम्युनिटीले मनाएको खुशी, भेटिकनको खुशियालीलाई नजरअन्दाज गरेर वीपीको मेलमिलाप मार्गमा अग्रसर हुने हैसियत राख्लान् ? प्रश्न अनेक छन् र देउवाकै नेतृत्वमा सत्ता परिवर्तन र नेपाल हिन्दूराष्ट्र बन्ने सम्भाबना प्रवल देखिदैछ ।


**सञ्चार माध्यमले निष्पक्ष भई जनतालाई सकारात्मक उत्प्रेरणा दिने खालको तथ्यपूर्ण सूचना र जानकारी दिने खालका सामग्री सम्प्रेषण गर्नु पर्दछ ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

